ओ३म्

वैदिक यज्ञ



नेपाल आर्य समाज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुण्यस्मृतिमा



स्व. केदारमल आर्य / भागीरथी देवी आर्य

नेपाल आर्य समाजका संरक्षक श्री शिवकुमार आर्यले आफ्ना स्वर्गीय मातापिताको पुण्यस्मृतिमा यो 'वैदिक यज्ञ' पुस्तकको प्रकाशन गराउनुभएको छ। नेपाल आर्य समाज परिवार उहाँको सुस्वास्थ्य र दीर्घायुष्यका साथै समस्त शुभकर्महरूमा निरन्तर सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ओ३म्

वैदिक यज्ञ

सङ्कलन/अनुवाद/सम्पादन
डा. माधवप्रसाद उपाध्याय

प्रकाशक
नेपाल आर्य समाज
केन्द्रीय कार्यालय
काठमाडौं

२०६८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैदिक यज्ञ

सङ्कलन/अनुवाद/सम्पादन : डा. माधवप्रसाद उपाध्याय

प्रकाशन सहयोग : शिवकुमार आर्य

प्रकाशक : **नेपाल आर्य समाज**
केन्द्रीय कार्यालय
टङ्कप्रसाद मार्ग, वानेश्वर हाइट्स,
काठमाडौं
फोन नं. ०१४४९२२६५
इमेल nepalarya@wlink.com.np

प्रकाशन वर्ष : २०६८

संस्करण : प्रथम

मूल्य : रु.१००/-

मुद्रक : जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स
अनामनगर, काठमाडौं
सम्पर्क : ९८५१०२५७०४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैदिक यज्ञ

विषय सूची

विषय सूची क, ख.

सम्पादकीय ग.

वैदिक राष्ट्रिय प्रार्थना घ.

साप्ताहिक सत्सङ्ग निर्देश, दिनचर्या १-३
साप्ताहिक सत्सङ्ग निर्देश १, वेदमन्त्र १, भजन, प्रवचन १, उपस्थिति २, समय २, समयतालिका ३, दिनचर्या ३ ।

प्रातः जागरणमा र स्नान गर्दा ईशप्रार्थना ४-५
प्रातः जागरणमा ईशप्रार्थना ४, स्नान गर्दा ईशप्रार्थना ५ ।

ब्रह्मयज्ञ (सन्ध्या) ६-१८
सन्ध्या विवेचना ६-८, सन्ध्याको विधि ८-१८ ।

अग्निहोत्र १९-५५
अग्निहोत्र किन गर्ने ? १९, २०, अग्निहोत्रका लागि चाहिने सामग्री २०,२१, अग्निहोत्रको विधि २१,२२, सामान्य अग्निहोत्रको विधि २२-३२, विशेप अग्निहोत्र (बृहद्यज्ञ) विधि ३३-५४ ।

पितृयज्ञविधि ५५

बलिवैश्वदेवयज्ञविधि ५६-५७

अतिथियज्ञविधि ५७

पक्षयज्ञविधि ५८-६९
पौर्णमास्येष्टि ५८, दर्शेष्टि वा आमावास्येष्टि ५९ ।

नवशस्येष्टि र संवत्सरेष्टि विधि ६०-६१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शालाकर्म विधि ६१-६३

नामकरण संस्कार विधि ६४-६७

जन्मोत्सव विधि ६८-६९

व्यापार आरम्भ गर्ने विधि ७०-७१

शुद्धिकर्म विधि ७२-७५

भोजन गर्नु अघि र भोजनान्तमा पाठ गर्ने मन्त्र ७५

शयनअघि पाठ गर्ने मन्त्र ७६

प्रार्थना सङ्गठन सूक्त र शान्तिपाठ ७७-७८

प्रार्थना ७७, सङ्गठन सूक्त ७८, शान्तिपाठ ७८ ।

केही भजनहरू ७९-९१

यज्ञ प्रार्थना ७९, ईशस्तुति पद्य ८०, भाव ८१, वीर आर्य जाति ८१, जवानीको शक्ति छँदा ८२,८३, हे विश्वका विधाता ८४, प्रभु मन्दिरका ह्रामी ८५, भगवान्को कृपा ८६, मेरो नभनौं ८७, कर्मको महिमा ८८, प्राणीको रक्षा गरौं ८९, इनसान (हिन्दी) ९०, आत्म समर्पण (हिन्दी) ९१ ।

यज्ञरहस्य ९२-११०

प्रस्तावना ९२, यज्ञको आरम्भ कहाँवाट ९३, यज्ञ व्रह्माण्डको अनुकरण हो ९४, चार मन्त्रवाट तीन समिधा ९५-१००, एउटै मन्त्रले पाँच आहुति किन ? १००-१०३, चम्चा (सुवा) कसरी समात्ने ? १०३, १०४, जलसेचन कसरी गर्ने १०५, पहिलो आहुति उत्तरतिर र दोस्रो दक्षिणतिर किन ? १०६, मौन आहुति किन १०७, स्विष्टकृत मन्त्र मध्यमा हो ? १०८, स्विष्टकृत् मन्त्रले कुन वस्तुको आहुति दिने ? १०९, के यज्ञको अन्त्यमा 'वसोः पवित्रमसि' मन्त्रको पाठ गर्नुपर्दछ ? १०९, के 'पूर्णमदः' आदि मन्त्र वोल्नु पर्दछ ? ११० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्पादकीय

शास्त्रहरूमा यज्ञलाई सर्वश्रेष्ठ कर्म वा सर्वश्रेष्ठ कर्मलाई यज्ञ भनिएको छ। मानव जातिको सर्वतोमुखी उन्नतिका लागि सबैले व्यावहारिक रूपमा यज्ञानुष्ठान गर्नुपर्ने आवश्यकता देखिन्छ। यज्ञको कर्मकाण्डगत र व्यवहारमा उतार्नुपर्ने दुबै स्वरूपको अनुष्ठान सबैले गरेमा मानव जातिको उत्थान अवश्यम्भावी रहेको यथार्थ अब पुष्टि भैसकेको छ। सबैको आचरण र व्यवहार वेदानुकूल हुनु अपरिहार्य छ। महर्षि दयानन्द सरस्वतीले मानवमात्रले गर्नुपर्ने नित्य र नैमित्तिक कर्महरूका लागि संस्कारविधि र पञ्चमहायज्ञविधिमा यज्ञ र अनुष्ठानका विधिहरू बताउनुका साथै सत्यार्थप्रकाश, ऋग्वेदादिभाष्यभूमिका आदि ग्रन्थहरूमा तिनको व्याख्या र आवश्यक्ताको प्रतिपादन गर्नुभएको छ।

वैदिक यज्ञ नामक यो पुस्तक महर्षि दयानन्दका उक्त ग्रन्थ र तिनमा आधारित भै परवर्ती विद्वान्हरूद्वारा प्रतिपादित विधिहरूको सङ्कलन तथा अनुवाद हो। यसबाट वेदानुकूल आचरण र चरित्रको प्रचार प्रसार तथा व्यवहारको प्रचलन बढ्ने कुराको आशा लिइएको छ। पुस्तकमा प्रस्तुत विधिहरूको प्रामाणिकताका साथै सामान्य जिज्ञासुहरूको जिज्ञासाको तृप्तिका लागि पुस्तकको अन्त्यमा आर्यजगत्का प्रामाणिक विद्वान् आदरणीय स्वामी जगदीश्वरानन्द सरस्वतीद्वारा लिखित 'यज्ञ रहस्य' नामक लघुपुस्तिकालाई पनि नेपाली भाषामा अनूदित गरी संलग्न गरिएको छ। यसबाट जिज्ञासु पाठक लाभान्वित हुने आशा लिइएको छ।

यस वैदिक यज्ञको प्रकाशन गरी धर्मलाभ लिनुहुने श्री शिवकुमार आर्य प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबैमा पनि यथायोग्य धन्यवाद व्यक्त गर्दछु।

२०६८ श्रावणी पूर्णिमा

डा. माधवप्रसाद उपाध्याय
कार्यकारी अध्यक्ष
नेपाल आर्य समाज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

वैदिक राष्ट्रिय प्रार्थना

ओ३म् आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायताम् । आ राष्ट्रे राजन्यः शूर इषव्योऽतिव्याधी महारथो जायताम् । दोग्ध्री धेनुर्वोढानड्वानाशुः सप्तिः पुरन्धिर्योषा जिष्णू रथेष्ठाः सभेयो युवास्य यजमानस्य वीरो जायताम् । निकामे निकामे नः पर्जन्यो वर्षतु फलवत्यो न ओषधयः पच्यन्तां योगक्षेमो नः कल्पताम् ॥ यजुर्वेद २।२२

पद्यानुवाद

तेजी ब्राह्मण वेदमा सब बनून् आराष्ट्रमा तेजिला ।
शूरा स्वस्थ महारथी धनुधरा रक्षाक्षम क्षत्रिय ॥
गाई धेनु समान दूध दुहने गोरु र साँढे बली ।
घोडा वायु सरि सुशील विदुषी नारी पुरन्धि भली ॥
योद्धा वीर रथस्थ शत्रु विजयी विद्वान् युवा सभ्य हुन् ।
देवार्ची यजमानका सुत हउन् वीराग्रणी सद्गुणी ॥
हाम्रा खेती किसानका समयमा पर्जन्य बर्सुन् जल ।
बाली नाली फलुन् फुलुन् पजरिउन् पाकुन् सबै औषधि ॥
योगक्षेम समान रूप सबको होस् कल्प कल्पान्तमा ।
मेधावी धनधान्य धर्म धृतिले सम्बद्ध सारा रहून् ॥
शान्ति स्वस्ति र संघ शक्ति जनले जागून् जगाऊन् जगत् ।
विश्व स्वस्थ रहोस् सदा जय हओस् कल्याण होस् लोकको ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साप्ताहिक सत्सङ्ग निर्देश

१. साप्ताहिक सत्सङ्गको वातावरण आध्यात्मिक हुनुपर्दछ । सत्सङ्गमा राजनीतिक परिचर्चा वा कुनै किसिमको विवादका कुरा पनि हुनुहुँदैन ।
२. बालबालिकामा समेत आध्यात्मिक प्रभाव पार्न साप्ताहिक सत्सङ्गमा सबैले सपरिवार भाग लिनुपर्दछ ।
३. आर्यसमाजलाई उपासनागृहको स्वरूप दिई सर्वसाधारण धर्मका जिज्ञासुले धर्मलाभ उठाउन सक्ने वातावरण तयार पार्नुपर्दछ ।
४. यज्ञमा राष्ट्रिय पोसाक वा आध्यात्मिक क्रियाकलापलाईं सुहाउँदो पोसाक लगाउनु उपयुक्त हुन्छ ।
५. साप्ताहिक सत्सङ्गको ठाउँ अति शुद्ध, पवित्र, शान्त र आकर्षक हुनुपर्दछ ।

वेदमन्त्र

१. वेदमन्त्रको उच्चारण योग्य आर्य विद्वान्हरूले गर्नु र अरूले ध्यानपूर्वक सुनेर आफ्नो उच्चारण शुद्ध बनाउनु पर्दछ ।
२. सन्ध्या, हवन आदिका मन्त्रहरूको शुद्ध उच्चारण सिकाउने व्यवस्था आर्यसमाजमा हुनुपर्दछ ।
३. साप्ताहिक सत्सङ्गमा एक पटकमा कम्तिमा एउटा वेदमन्त्रको उच्चारण र अर्थ बताउने र बुझाउने, लेखाउने गर्नुपर्दछ ।
४. वेदमन्त्रको अर्थ र व्याख्याका सन्दर्भमा महर्षि दयानन्द सरस्वती अथवा उनको अनुकूल वेदभाष्यलाई प्रमुखता दिनुपर्दछ ।

भजन/प्रवचन

१. अतिपवित्र र उच्च जीवन भएका सुयोग्य, वेदज्ञ विद्वान्हरूबाट प्रवचन गराउनु पर्दछ ।
२. वक्ता र वक्ताले बोल्ने विषय कम्तिमा एक साता अगावै निर्धारित गरिनु र वक्तालाई त्यसको जानकारी गराउनु उपयुक्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. सत्सङ्गमा भाग लिनेहरूमा भक्तिभाव र आध्यात्मिकता निरन्तर बढ्दै जाओस् भन्ने कुरामा विशेष ध्यान दिनुपर्दछ ।
४. जीवनका वास्तविक समस्याहरूको समाधान हुने किसिमका विद्वान्‌हरूका उपदेश र भक्तिभावना बढाउने किसिमका भजनहरूलाई प्रमुखता दिइनु पर्दछ ।
५. सत्सङ्गमा ऋषि र आर्यसमाजको मन्तव्य विरुद्ध कुनै कुरा नहोस् भन्ने तर्फ विशेष ध्यान दिइनुपर्दछ ।

उपस्थिति

१. साप्ताहिक सत्सङ्गमा सबैको स्वतःस्फूर्त आकर्षण हुने गरी त्यसलाई अत्यन्त रुचिकर बनाउने प्रयास गर्नुपर्दछ ।
२. आर्यसमाजका पदाधिकारीहरू साप्ताहिक सत्सङ्गमा आफू नियमित उपस्थित हुने गर्नुपर्दछ र आफ्ना सदस्य तथा अन्य व्यक्तिहरूको उपस्थितिका लागि निरन्तर प्रयत्नशील रहनुपर्दछ ।
३. सबैले आफ्ना छिमेकी, सदस्य तथा इष्टमित्रहरूको उपस्थिति गराउन प्रयत्नशील रहनुपर्दछ ।
४. सत्सङ्गमा नियमित सहभागी हुन सबैको इच्छा हुने गरी त्यहाँको वातावरणलाई आत्मीय बनाउनु पर्दछ ।
४. कारणवश साप्ताहिक सत्सङ्गमा अनुपस्थित व्यक्तिका घरमा गएर वा सम्पर्क गरेर सत्सङ्गका आयोजकले कुशलक्षेम सोध्ने, अनुपस्थितिको कारण बुझ्ने र सत्सङ्गमा निरन्तर उपस्थित रहन प्रोत्साहित गर्ने गर्नुपर्दछ ।

समय

१. सामान्यतः साप्ताहिक सत्सङ्गको अधिकतम समय दुई घण्टा हुनुपर्दछ ।
२. सबैलाई उपस्थित हुन सजिलो हुने गरी समय निर्धारण गर्नुपर्दछ ।
३. प्राचीन परम्परा, सबैको एकता र शान्त वातावरण आदिका दृष्टिले बिहानीको समय र सार्वजनिक विदाका कारण शनिवार साप्ताहिक सत्सङ्गका लागि उपयुक्त मानिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समयतालिका

१.	सन्ध्या, हवन	३० मिनेट
२.	भजन	१० मिनेट
३.	वेदोपदेश	१० मिनेट
४.	सत्यार्थप्रकाश या ऋग्वेदादिभाष्यभूमिकाको पाठ वा वेदमन्त्रको व्याख्या	१० मिनेट
५.	महर्षि दयानन्द सरस्वती, अमर सहिद शुक्रराज शास्त्री वा अन्य महापुरुषहरूको जीवनचरित्रको चर्चा	१० मिनेट
६.	आर्यसमाजका नियम र सङ्गठन सूक्त	५ मिनेट

यो न्यूनतम समय हो । योभन्दा बढी समय लगाउन सम्भव भएमा तदनुकूल भजन, प्रवचन, वेदमन्त्रको व्याख्यान आदिमा समय बढाउन सकिन्छ ।

दिनचर्या

प्रातः	४.००–४.३०	जागरण, ईशप्रार्थना, आत्मचिन्तन
	४.३०–५.३०	वासस्थान, प्रयोग गर्ने साधन (वस्त्र, पात्र आदि)को सफाइ र व्यक्तिगत (स्नान आदि) सरसफाइ
	५.३०–७.००	योगासन, प्राणायाम, सन्ध्या, सपरिवार अग्निहोत्र
	७.००–९.००	घरायसी कार्य, पितृयज्ञ, अतिथियज्ञ, बलिवैश्वदेवयज्ञ, भोजन
	९.००–५.३०	दैनिक जीवनवृत्ति
साँझ	५.३०–६.३०	व्यक्तिगत सरसफाइ
	६.३०–७.३०	सन्ध्या, हवन (अग्निहोत्र)
	७.३०–९.३०	घरायसी कार्य, भोजन, पारिवारिक सरसल्लाह
रात्रि	९.३०–१०.००	आत्मचिन्तन, मन्त्रपाठ, ओ३म् जपका साथ निद्राप्रयास
	१०.००–४.००	शयन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रातः जागरणमा ईशप्रार्थना

बिहान ब्युँझना साथ निरालस्य भई बसेर भक्तिभावपूर्वक तलका मन्त्रहरूको पाठ र अर्थचिन्तन गरी परमेश्वरको प्रार्थना गर्नुपर्दछ :

ओ३म् प्रातरग्निं प्रातरिन्द्रं हवामहे प्रातर्मित्रावरुणा प्रातरश्विना ।
प्रातर्भगं पूषणं ब्रह्मणस्पतिं प्रातः सोममुत रुद्रं हुवेम ॥१॥

प्रातःकाल उठेर सर्वप्रथम अग्नि अर्थात् स्वप्रकाशस्वरूप र इन्द्र अर्थात् ऐश्वर्यवान् परमात्माको स्तुति गर्दछु । प्रातःकाल नै प्रेरक मित्र, वरण गर्न योग्य र धारक, अध्यापक, उपदेशक एवं आमावाबुस्वरूप, ऐश्वर्यको विभाजक, पोषक र वेदको स्वामी अनि प्रातःकाल नै शान्त स्वरूप तथा नास्तिक र दुष्टलाई रुवाउने परमात्माको स्तुति गर्दछु ।

प्रातर्जितं भगमुग्रं हुवेम वयं पुत्रमदितेर्यो विधर्ता ।
आध्रश्चिद्यं मन्यमानस्तुरश्चिद्राजा चिद्यं भगं भक्षीत्याह ॥२॥

हामी प्रातःकाल जीत गराउने अर्थात् मानव जीवनलाई सफल वनाउने, तेजस्वी एवं ऐश्वर्ययुक्त वनाउने, अखण्ड सुख सम्पत्तिका रक्षक, विश्वको धारक, दरिद्र र सम्पन्न सवैले सेवन गर्न इच्छा गर्ने परमात्माको स्तुति गरौं ।

भग प्रणेतर्भग सत्यराधो भगेमां धियमुदवा ददन्नः ।
भग प्र णो जनय गोभिरश्वैर्भग प्र नृभिर्नृवन्तः स्याम ॥३॥

हे जगत्का रचयिता भगवान् ! हे सत्य धनयुक्त भगवान् ! हामीलाई यस्तो वुद्धि दिएर उन्नत वनाउनुहोस् । हे भगवान् ! गौ आदि दूध दिने पशुहरूवाट र घोडा आदि वाहक पशुहरूबाट हामीलाई सम्पन्न गराउनुहोस् । हे भगवान् ! हामी प्रशस्त पारिवारिकजहरूले युक्त भएर यथार्थमा मानवसमुदाययुक्त होऔं ।

उतेदानीं भगवन्तः स्यामोत प्रपित्व उत मध्ये अह्नाम् ।
उतोदिता मघवन्त्सूर्यस्य वयं देवानां सुमतौ स्याम ॥४॥

हे ऐश्वर्ययुक्त परमात्मा ! यतिखेर तपाईंका दिव्य स्वरूपहरूको यथार्थ स्तुतिमा हुंदा हामी त्यस नामको ऐश्वर्ययुक्त होऔं । सायंकाल पनि हामी तपाईंको स्तुति गरी ऐश्वर्ययुक्त होऔं । मध्याह्नमा पनि हामी तपाईंको स्तुतिवाट ऐश्वर्यशाली होऔं । सूर्यको उदय हुँदा हामी तपाईंको स्तुति गरौं र ऐश्वर्यशाली होऔं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भग एव भगवाँ अस्तु देवास्तेन वयं भगवन्तः स्याम ।
तं त्वा भग सर्व इज्जोहवीति स नो भग पुर एता भवेह ॥५॥

भगवान् परमात्मदेव नै हामी उपासकहरूको ऐश्वर्य होओस् । हामी अन्य ऐश्वर्यको चाहना गर्दैनौं । त्यस ऐश्वर्यवाट हामी ऐश्वर्यसम्पन्न होऔं । हे ऐश्वर्यस्वरूप परमात्मा ! त्यस्तो तपाईं परमेश्वरको म वारम्वार प्रशंसा गर्दछु । यस परिवार वा संसारमा तपाई हाम्रा अग्रगन्ता हुनुहुन्छ ।

स्नान गर्दा ईशप्रार्थना

स्नान गर्दा निम्न मन्त्रहरूको पाठ र तिनको अर्थचिन्तन गर्नुपर्दछ :

ओ३म् आपो हि ष्ठा मयोभुवस्ता न ऊर्जे दधातन । महे रणाय चक्षसे ॥१॥

अथर्ववेद १।५।१॥

यो जलराशिले हामीलाई सुख, सुस्वास्थ्य, वल तथा रमणीयता प्रदान गरोस् ।

यो वः शिवतमो रसस्तस्य भाजयतेह नः । उशतीरिव मातरः ॥२॥

अथर्ववेद १।५।२॥

सन्तानको कामना गर्ने आमाले जस्तै यस जलले हामीलाई धेरै नै कल्याणकारी रसतत्त्व प्राप्त गराओस् ।

तस्मा अरं गमाम वो यस्य क्षयाय जिन्वथ । आपो जनयथा च नः ॥३॥

अथर्ववेद १।५।३॥

शरीर र इन्द्रियका तृप्तिकारक जलधारावाट पूर्ण लाभ प्राप्त गर्ने हामीलाई यस जलले सुस्वास्थ्य, सामर्थ्य र प्रगति गराओस् ।

ईशाना वार्याणां क्षयन्तीश्चर्षणीनाम् । अपो याचामि भेषजम् ॥४॥

अथर्ववेद १।५।४॥

वाञ्छित सुखका स्वामी र समस्त प्राणीहरूका आधार जललाई म सम्पूर्ण औषधिका रूपमा ग्रहण गर्दछु ।

शं नो देवीरभिष्टय आपो भवन्तु पीतये । शं योरभि स्रवन्तु नः ॥५॥

अथर्ववेद १।६।१॥

दिव्य गुणहरूले युक्त पनी हाम्रा लागि कल्याणकारक होस् । यसको सदुपयोग अभीष्ट प्राप्तिका लागि होस् । यस जलका कारण सवैतिरवाट हामीमा सुखको वर्षा होस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मयज्ञ (सन्ध्या)

सन्ध्या उपासनालाई ब्रह्मयज्ञ भनिन्छ। बिहानबेलुकी अर्थात् रात र दिनको संयोग समयमा परमेश्वरको ध्यान गर्नु सन्ध्या हो। पानी आदिले स्नान आदि गरेर शरीरको शुद्धि तथा राग, द्वेष आदिलाई छोडेर आन्तरिक शुद्धि गर्नुपर्दछ। शरीरको शुद्धिभन्दा पनि अन्तःकरणको शुद्धि बढी महत्त्वपूर्ण हुन्छ। अन्तःकरणको पवित्रता नै सर्वोत्तम र परमेश्वर प्राप्तिको साधन हो।

सन्ध्याको पहिलो मन्त्रमा सुख शान्तिको प्राप्तिलाई मानवजीवनको लक्ष्य बताइएको छ। त्यसपछिका मन्त्रमा सुख शान्ति प्राप्तिका साधन बताइएका छन्। यसका तीन भाग छन्। दोस्रोदेखि सातौं मन्त्रसम्मको पहिलो भागमा मानवको स्वकीय कर्त्तव्यको कुरा छ। आठौंदेखि तेह्रौं मन्त्रसम्मको दोस्रो भागमा मानिसले अरूसँग गर्नुपर्ने कर्तव्यको चर्चा छ भने चौधौंदेखि उन्नाइसौं मन्त्रसम्मको तेस्रो भागमा ईश्वरका प्रति मानवीय कर्तव्य बताइएको छ।

सन्ध्याको पहिलो भाग : आफूप्रति मानवीय कर्त्तव्य

आफ्नो शरीर र इन्द्रियहरूलाई स्वस्थ र बलवान् बनाउनु मानिसको पहिलो कर्त्तव्य हो। निर्बल वा रोगी शरीरले कुनै काम पनि सफलतापूर्वक सम्पन्न गर्न सकिँदैन। यसैले सन्ध्याको पहिलो मन्त्रमा सुख र शान्तिलाई जीवनको लक्ष्य बताएर त्यसका साधनका रूपमा दोस्रो मन्त्रमा इन्द्रियहरूलाई स्वस्थ र बलवान् बनाउने कुरा आएको छ। बलशाली भएपछि बलको सदुपयोग हुनुपर्ने र दुरुपयोग गर्न नहुने कुरा पनि यहाँ परेको छ। तेस्रो मार्जन मन्त्रका माध्यमले इन्द्रियहरूलाई पवित्र पार्नुपर्ने र तिनको दुरुपयोग हुन नहुने कुरातर्फ सचेत रहनुपर्ने उपदेश दिइएको छ। त्यसपछिका तीन मन्त्रमा सृष्टिरचनाको वर्णन छ। सृष्टिको रचनालाई देखेर यसका रचयिता प्रति साधकका मनमा विश्वास र श्रद्धा जागोस्। त्यसबाट साधकमा आत्मबल बढोस्। अनि मानव आफ्नो जीवनमा असल मार्गतिर लागोस् भन्ने यिनको ध्येय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको छ । यसैले यी मन्त्रलाई अघमर्षण अर्थात् पापविनाशक मन्त्र भनिन्छ । यसरी सन्ध्याको पहिलो भागमा इन्द्रियलाई बलवान्, यशस्वी र पवित्र बनाउनुका साथै प्राणायामबाट शरीर र मनलाई स्वस्थ राख्नु अनि सृष्टि रचयिता परमेश्वर प्रति विश्वास र श्रद्धा उत्पन्न गर्नुपर्ने कुरा परेका छन् ।

सन्ध्याको दोस्रो भाग : अरूप्रति मानवीय कर्त्तव्य

मानिस सामाजिक प्राणी भएको र एक्लै बस्न वा बाँच्न नसक्ने हुँदा मानिसले अरूसँग कस्तो व्यवहार गर्नुपर्दछ भन्ने कुरातर्फ सधैं सचेत रहनुपर्दछ । सन्ध्या सम्बन्धी मनसा परिक्रमाका ६ मन्त्रले सबैतिर ईश्वरको सत्ता अर्थात् सर्वव्यापकतालाई हृदयमा राखेर मानिसले अरूसँग व्यवहार गर्नुपर्ने कुरा बताइएको छ । यहाँ सर्वव्यापी परमेश्वरप्रति विनयभावका साथै साधकले अरूसँग गर्ने द्वेष वा अरूले साधकसँग गर्ने द्वेषभावलाई समाप्त गर्नुपर्ने भाव व्यक्त गरिएको छ । सबै किसिमका द्वेषभावलाई समाप्त पारेर पारस्परिक प्रेम, सद्भाव र सहानुभूतिको भाव राख्नुपर्ने र त्यसबाट नै सुख शान्तिको वृद्धि हुने हुनाले साधकले तदनुकूल आफ्नो आचरण बनाउनुपर्ने विचार यहाँ प्रस्तुत गरिएका छन् । मनसा परिक्रमाका यी मन्त्रले साधकले एकातिर आफूले सबैसँग असल व्यवहार गर्ने अठोट गर्दछ भने सँगसँगै त्यस्तो असल व्यवहार गर्न सकियोस् भन्ने प्रार्थना पनि ईश्वरसँग गर्दछ । यसरी सन्ध्याको दोस्रो भागमा ईश्वरलाई सर्वत्र व्यापक रहेको अनुभव गर्ने, ईश्वरलाई नै आफ्नो असल रक्षक ठान्ने तथा कुनै प्राणीप्रति पनि द्वेषभाव नराखी सबैसँग भ्रातृभाव वा बन्धुत्वको भावना विकास गर्नुपर्ने भाव व्यक्त भएको छ ।

सन्ध्याको तेस्रो भाग : ईश्वर प्रति मानवीय कर्त्तव्य

सन्ध्याको तेस्रो भागलाई उपस्थान पनि भनिन्छ । ईश्वरको नजिक पुग्नु र नजिकै रहनु नै उपस्थान हो । मानिसले आफ्नो विचार, व्यवहार आदिबाट ईश्वरको सङ्गति गरेपछि ऊ संसारका सबै क्लेशबाट मुक्त हुन्छ । यसको तात्पर्य के हो भने ईश्वरको सान्निध्यमा रहनु नै मावीय चरम सुख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त गर्नु हो । मानिसले आफूभित्रका निद्रा, आलस्य आदिका साथै अरूप्रति राग द्वेष आदि विकृति र कमजोरस्हरूलाई त्यागेर सर्वव्यापी सर्वनियन्ता परमेश्वरको शरणमा पुगेपछि उसले संसारको सच्चा सुख प्राप्त गर्दछ र मानिसले यसकै लागि निरन्तर प्रयत्नशलि रहनु पर्दछ भन्ने नै सन्ध्याको अभीष्ट तात्पर्य हो। यसबाट नै मानवजीव्न सुखी र समृद्ध हुन सक्ने वैदिक मान्यता पनि हो।

सन्ध्याको विधि

बिहान स्नान आदिबाट निवृत्त भएपछि एकान्त, शान्त स्थानमा पूर्वाभिमुख भएर सुखासन वा आफूलाई उचित लागेको आसनमा बसी सन्ध्या गर्नु पर्दछ । सायंकाल पनि सन्ध्या गर्न बस्नुभन्दा अगावै यथा सम्भव स्नान वा स्नान गर्न सम्भव नभए हात मुख आदि धोई सफा भएर पश्चिमाभिमुख भई बसेर सन्ध्या गर्नुपर्दछ । आसनमा बसिसकेपछि घाँटीको कफ आदिको निवृत्तिका लागि आचमन र सन्ध्या गर्दा आलस्य नआओस् भन्ने ध्येयले कुशा वा हातैले आँखा आदिमा जल छर्कनुपर्दछ । त्यसपछि घटीमा तीन प्राणायाम गर्नुपर्दछ र गायत्री मन्त्र पढेर टुपी बाँध्नुपर्दछ।

१. शिखाबन्धन

अर्थचिन्तन सहित निम्नलिखित गायत्री मन्त्र पढेर शिखा (टुपी) बाँध्नुपर्दछ :

ओ३म् भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ॥ यजुर्वेद ३६।३.

प्राणस्वरूप, संसारको जीवनका कारण र प्राणभन्दा पनि प्यारो, सबै दुःख, कष्ट, पीडा आदिलाई हरण गरेर सबै प्राणीलाई सुख प्रदान गर्ने तथा सम्पूर्ण जगत्मा व्याप्त भएर सबैलाई नियममा राख्ने, सबैको आश्रय स्थान तथा सुख स्वरूप परमेश्वरलाई ओ३म् नामबाट पुकारा गर्दछौं । सारा संसारको उत्पत्ति गर्ने, सूर्य आदि प्रकाश गर्ने लोकका पनि प्रकाशक, सम्पूर्ण ऐश्वर्य प्रदान गर्ने, कामना गर्न योग्य त्यस परमात्मा देवको अतिश्रेष्ठ, ध्यान र धारण गर्न योग्य शुद्ध र पवित्र स्वरूपलाई हामी धारण गरौं । दयानिधान परम कारुणिक परमात्माले हाम्रा बुद्धिलाई उत्तम गुण, कर्म र स्वभावतिर प्रेरित गरून् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. आचमन

निम्नलिखित मन्त्रद्वारा परमेश्वरको प्रार्थना गर्दै तीन आचमन गर्नुपर्दछ। आलस्य हटाउन र घाँटीमा रहेको कफ आदि हटाउनका लागि आचमन गरिन्छ। आलस्य आदि नभए वा जल उपलब्ध नभए आचमन नगरे पनि हुन्छ। त्यस्तो अवस्थामा तलको मन्त्र पढेर परमेश्वरको प्रार्थना चाहि गर्नु पर्दछ :

ओं शन्नो देवीरभिष्टय आपो भवन्तु पीतये।
शंयोरभिस्रवन्तु नः ॥

यजुर्वेद ३६।१२.

सबैका प्रकाशक, सबै प्रकारको आनन्द प्रदान गर्ने, सर्वव्यापक परमेश्वरले मनोवाञ्छित सुख र पूर्ण आनन्दको उपभोगवाट तृप्तिका लागि कल्याणकारी भएर सबैतर्फबाट हामीमाथि सुखको वर्षा गरून् ॥

३. इन्द्रियस्पर्श

सबै इन्द्रिय बलवान् रहून् भन्ने प्रार्थनाका साथ निम्नलिखित मन्त्रले इन्द्रियस्पर्श गर्नुपर्दछ। इन्द्रिय स्पर्श गर्नका लागि बायाँ हत्केलामा अलिकति जल लिएर दाहिने हातका मध्यमा र अनामिका (माझी र साहिंली) औंलाले मन्त्रमा भनिएका अङ्गहरूमा पहिले दाहिने र पछि देब्रेतिर स्पर्श गर्नुपर्दछ :

ओं वाक् वाक्। मुख
ओं प्राणः प्राणः। नाक
ओं चक्षुः चक्षुः। आँखा
ओं श्रोत्रम् श्रोत्रम्। कान
ओं नाभिः। नाभि
ओं हृदयम्। हृदय
ओं कण्ठः। घाँटी
ओं शिरः। शिर
ओं बाहुभ्यां यशोबलम्। दुबै बाहु र
ओं करतलकरपृष्ठे। हत्केलाको तलमाथि।

उपर्युक्त मन्त्रहरूद्वारा सधैं ईश्वरको प्रार्थनाका साथ स्पर्श गर्नाले सर्वदा ईश्वरको कृपाले इन्द्रियहरू बलवान् रहून् भन्ने यसको अभिप्राय हो। ईश्वरसँग प्रार्थना गर्नुका साथै आफ्नो आचरण पनि त्यसै किसिमको वनाउनु पर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. ईश्वरप्रार्थनासहित मार्जन

ईश्वरका विभिन्न नामको अर्थस्मरण गर्दै बाहिरी र आन्तरिक पवित्रताका लागि प्रार्थना गर्नु र जल छर्कनुपर्दछ । ईश्वरसँग प्रार्थनाको तात्पर्य आफूले जीवनव्यवहारमा पनि सोही अनुसारको प्रयत्न गर्दै जानुपर्ने कुरा भने सधैं ध्यान दिनु पर्दछ । जल छर्कनका लागि देब्रे हत्केलामा अलिकति जल लिएर दाहिने हातका मध्यमा र अनामिका औंलाले मन्त्रका साथमा भनिएका अङ्गहरूमा जल छर्कनु पर्दछ :

ओं भूः पुनातु शिरसि । शिर
ओं भुवः पुनातु नेत्रयोः । आँखा
ओं स्वः पुनातु कण्ठे । कण्ठ
ओं महः पुनातु हृदये । हृदय
ओं जनः पुनातु नाभ्याम् । नाभि
ओं तपः पुनातु पादयोः । गोडा
ओं सत्यं पुनातु पुनः शिरसि । पुनः शिर
ओं खं ब्रह्म पुनातु सर्वत्र । सबै अङ्गमा ॥

सबै प्राणीहरूको जीवनको आधार, प्राणभन्दा पनि प्यारो ईश्वरले मेरो शिरलाई पवित्र गरोस् । मुमुक्षुहरू, मुक्तहरू, आफ्ना सेवकहरू र सबै धर्मात्माहरूका सबै दुःख दूर गर्ने दयालु ईश्वरले मेरा आँखा पवित्र गरोस् । सम्पूर्ण चराचर जगत्मा व्याप्त भएर रहेको र सम्पूर्ण जगत्लाई चलायमान तुल्याउने ब्रह्म परमेश्वरले मेरो कण्ठलाई स्वस्थ र पवित्र गरोस् । सबैभन्दा महान् र सबैको पूज्य परमेश्वरले मेरो हृदयलाई पवित्र गरोस् । सबैको जनक अर्थात् उत्पत्तिकर्त्ता परमेश्वरले मेरो नाभिलाई पवित्र गरोस् । दुष्टहरूलाई सन्ताप दिने तथा स्वयं ज्ञानस्वरूप तप अर्थात् परमेश्वरले मेरा गोडाहरूलाई पवित्र, नीरोग र शक्तिशाली बनाओस् । कहिल्यै विनाश नहुने अविनाशी सत्य ईश्वरले मेरो शिरलाई अझ वढी स्वस्थ, पवित्र र क्रियाशील बनाओस् । सर्वत्र व्यापक परमेश्वरले मेरा सबै अङ्गप्रत्यङ्गहरूलाई स्वस्थ, पवित्र र निरन्तर क्रियाशील बनाओस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. प्राणायाम

निम्नलिखित मन्त्र जप्दै र तिनको अर्थ विचार गर्दै कम्तीमा तीन प्राणायाम गर्नुपर्दछ :

ओं भूः । ओं भुवः । ओं स्वः । ओं महः । ओं जनः ।
ओं तपः । ओं सत्यम् ॥

प्रमुख रूपमा ओम् नामवाट पुकारिने प्राणस्वरूप, दुःखविनाशक, सुखस्वरूप, महान् र सबैको पूज्य, सवैका जनक, दुष्टहरूलाई दण्डको विधान गर्ने स्वयं ज्ञानस्वरूप अविनाशी परमेश्वरका कृपाले मेरो शरीर, मन र आत्मा पवित्र होस् ।

६. अघमर्षण

परमेश्वरलाई सर्वव्यापक, न्यायकारी, सर्वत्र सर्वदा सबै जीवका कर्महरूको द्रष्टा मानेर आफ्नो आत्मा र मनलाई पापतर्फ लाग्न नदिएर सदा धर्मयुक्त कर्ममा लगाइराख्न अर्थचिन्तनसहित निम्नलिखित मन्त्रको उच्चारण गर्दै सृष्टिकर्त्ता परमात्मा र सृष्टिक्रमको विचार गर्नुपर्दछ । परमात्माको सृष्टिक्रमको महत्ता बुझेर आफ्नो जीवन र व्यवहारलाई पापकर्मदेखि टाढा राखी धर्मानुकूल आचरणयुक्त बनाउनु पर्दछ :

ओ३म् ऋतं च सत्यं चाभीद्धात्तपसोऽध्यजायत ।
ततो रात्र्यजायत ततः समुद्रो अर्णवः ॥१॥
समुद्रादर्णवादधि संवत्सरो अजायत ।
अहोरात्राणि विदधद्विश्वस्य मिषतो वशी ॥२॥
सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् ।
दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः ॥३॥

ऋग्वेद १०।१९०।१-३॥

त्यस ज्ञानमय, प्रकाशरूप प्रभुले ऋतका नियमलाई वेदरूपमा प्रकट गर्नुभयो । अनि सत्यको सृष्टिका कारण सत्त्व, रजस् र तमस् रूप त्रिगुणात्मक प्रकृतिको सृष्टि गर्नुभयो । त्यसपछि रात्रिरूप अन्धकारलाई र समुद्र अनि मेघादिको सृष्टि गर्नुभयो ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सारा संसारलाई आफ्नो नियन्त्रणमा राख्ने परमात्माले आफ्नो सहज स्वभाववाट जलकोषको रचनापछि वर्ष, दिन, रात आदि कालका विभाग गर्नुभयो । पृथ्वीमा घुम्ने शक्ति उत्पन्न गर्नुभयो ॥२॥

सम्पूर्ण जगत्लाई धारण र पोषण गर्ने परमेश्वरले सूर्य, चन्द्र आदिलाई यसअघिको सृष्टिमा जस्तै वनाउनुभएको छ । द्युलोक, ग्रह, नक्षत्रादि, पृथिवी, आकाश र अन्य अनेकौं लोकलोकान्तरहरूलाई पनि वनाउनुभएको छ ॥३॥

७. पुनः तीन आचमन

सबैका धारक, पोषक परमेश्वरको ध्यान गर्दै निम्नलिखित मन्त्र बोलेर पुनः तीन आचमन गर्नुपर्दछ र आचमन गर्दा विशेष रूपमा आफ्नो मन र शरीरलाई स्वच्छ र स्वस्थ राख्ने भावना लिनुपर्दछ :

ओं शन्नो देवीरभिष्टय आपो भवन्तु पीतये । शंयोरभिस्रवन्तु नः ॥

यजुर्वेद ३६।१२.

सबैका प्रकाशक, सवै प्रकारको आनन्द प्रदान गर्ने, सर्वव्यापक परमेश्वरले मनोवाञ्छित सुख र पूर्ण आनन्दको उपभोगवाट तृप्तिका लागि कल्याणकारी भएर सवैतर्फवाट हामीमाथि सुखको वर्षा गरून् ॥।)

८. गायत्री आदि मन्त्रको अर्थ चिन्तन

आचमनपछि गायत्री आदि मन्त्रको अर्थ चिन्तन गर्दै आफ्नो बुद्धि सधैं सन्मार्गमा लागोस् र कहिल्यै पनि असत् कर्मतिर आफ्नो प्रवृत्ति नहोस् भन्ने भावना बलियो बनाउनुपर्दछ ।

९. मनसा परिक्रमा

गायत्री आदि मन्त्रको अर्थचिन्तनपछि परमेश्वरले नै सूर्य आदि सकल जगत्को रचना गरेको हो भन्ने विचार गरी परमार्थ स्वरूप ब्रह्मको बारेमा चिन्तन गरी परमब्रह्मसँग प्रार्थना गर्नुपर्दछ । यस्तो प्रार्थनालाई मनसा परिक्रमा भनिन्छ । यसमा निम्नलिखित मन्त्रद्वारा सर्वव्यापक परमात्माको स्तुति, प्रार्थना गर्नुका साथै भित्र, बाहिर सर्वत्र परमात्मालाई पूर्ण सम्झेर आफ्नो मनलाई निर्भय, निःशङ्क, उत्साही र आनन्दित राख्नुपर्दछ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राची दिगग्निरधिपतिरसितो रक्षिताऽदित्या इषवः । तेभ्यो नमोऽधिपतिभ्यो नमो रक्षितृभ्यो नम इषुभ्यो नम एभ्यो अस्तु । योऽस्मान् द्वेष्टि यं वयं द्विष्मस्तं वो जम्भे दध्मः ॥१॥

पूर्व दिशातिर अग्नि अर्थात् ज्ञानस्वरूप, सब जगत्को अधिपति, बन्धनरहित, सबै किसिमले रक्षा गर्ने आदित्य अर्थात् सूर्यका किरण नै जसका वाण हुन् ती सबै गुणहरूले परिपूर्ण ईश्वरका गुणहरूलाई हामी वारम्वार नमस्कार गर्दछौं । ईश्वरका गुण र ईश्वरले रचना गरेका पदार्थले जगत्को रक्षा गर्दछन् र पापीहरूलाई वाणहरूले जस्तै पीडा दिन्छन् । तिनलाई हाम्रो नमस्कार छ । जसले अज्ञानमा हामीसँग द्वेप गर्दछ अथवा अज्ञानकै कारण जुन धार्मिक वा पापी व्यक्तिसँग हामी द्वेप गर्दछौं ती सबै खराव प्रवृत्तिहरूलाई हामी दाह्रका बीचमा राखेर नष्ट गर्दछौं । अब उपरान्त हामी पनि कसैसँग वैरभाव नराखौं र अरू कुनै प्राणीले पनि हामीसँग वैरभाव नराखोस् । हामी सबै परस्पर मित्रभावले व्यवहार गरौं ॥१॥

दक्षिणा दिगिन्द्रोऽधिपतिस्तिरश्चिराजी रक्षिता पितर इषवः । तेभ्यो नमोऽधिपतिभ्यो नमो रक्षितृभ्यो नम इषुभ्यो नम एभ्यो अस्तु । योऽस्मान् द्वेष्टि यं वयं द्विष्मस्तं वो जम्भे दध्मः ॥२॥

हाम्रो दक्षिण दिशाको स्वामी परमेश्वर इन्द्र अर्थात् पूर्ण ऐश्वर्यशाली छ । तिर्यक् भनिने किरा, फटयाङ्ग आदिवाट रक्षा गर्ने पनि उही परमेश्वर हो । परमेश्वरको सृष्टिमा ज्ञानीहरू वाणसमान हुन् । ईश्वरका ती गुणहरूलाई हामी बारम्वार नमस्कार गर्दछौं । ईश्वरका गुण र ईश्वरले रचना गरेका पदार्थले जगत्को रक्षा गर्दछन् र पापीहरूलाई वाणहरूले जस्तै पीडा दिन्छन् । तिनलाई हाम्रो नमस्कार छ । जसले अज्ञानमा हामीसँग द्वेप गर्दछ अथवा अज्ञानकै कारण जुन धार्मिक वा पापी व्यक्तिसँग हामी द्वेप गर्दछौं ती सबै खराव प्रवृत्तिहरूलाई हामी दाह्राका बीचमा राखेर नष्ट गर्दछौं । अब उपरान्त हामी पनि कसैसँग वैरभाव नराखौं र अरू कुनै प्राणीले पनि हामीसँग वैरभाव नराखोस् । हामी सबै परस्पर मित्रभावले व्यवहार गरौं ॥१॥

प्रतीची दिग्वरुणोऽधिपतिः पृदाकू रक्षितान्नमिषवः । तेभ्यो नमोऽधिपतिभ्यो नमो रक्षितृभ्यो नम इषुभ्यो नम एभ्यो अस्तु । योऽस्मान् द्वेष्टि यं वयं द्विष्मस्तं वो जम्भे दध्मः ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पश्चिम दिशाको राजाका रूपमा रहेको परमेश्वर वरुण हो । ठूला ठूला अजगर, सर्प आदि विषधारी प्राणीहरूबाट उसले हाम्रो रक्षा गर्दछ । अन्न अर्थात् पृथिवी आदि पदार्थ त्यसका वाणसमान हुन् । ती सबै श्रेष्ठ व्यक्तिहरूको रक्षा र दुष्टहरूको ताडनाका लागि हुन् । ईश्वरका गुण र ईश्वरले रचना गरेका पदार्थले जगत्को रक्षा गर्दछन् र पापीहरूलाई वाणहरूले जस्तै पीडा दिन्छन् । तिनलाई हाम्रो नमस्कार छ । जसले अज्ञानमा हामीसँग द्वेष गर्दछ अथवा अज्ञानकै कारण जुन धार्मिक वा पापी व्यक्तिसँग हामी द्वेष गर्दछौं ती सबै खराव प्रवृत्तिहरूलाई हामी दाह्राका वीचमा राखेर नष्ट गर्दछौं । अव उपरान्त हामी पनि कसैसँग वैरभाव नराखौं र अरू कुनै प्राणीले पनि हामीसँग वैरभाव नराखोस् । हामी सबै परस्पर मित्रभावले व्यवहार गरौं ॥१॥

उदीची दिक्सोमोऽधिपतिः स्वजो रक्षिताशनिरिशवः । तेभ्यो नमोऽधिपतिभ्यो नमो रक्षितृभ्यो नम इषुभ्यो नम एभ्यो अस्तु । योऽस्मान् द्वेष्टि यं वयं द्विष्मस्तं वो जम्भे दध्मः ॥४॥

उत्तर दिशाको स्वामीका रूपमा रहेको परमेश्वरले सोम नामबाट शान्ति आदि गुणहरूद्वारा आनन्द दिन्छ । त्यस्तो परमेश्वरको हामीले ध्यान गर्नुपर्दछ । त्यो परमेश्वर अजन्मा र रक्षक हो । त्यसका वाण विद्युत् हो । ईश्वरका गुण र ईश्वरले रचना गरेका पदार्थले जगत्को रक्षा गर्दछन् र पापीहरूलाई वाणहरूले जस्तै पीडा दिन्छन् । तिनलाई हाम्रो नमस्कार छ । जसले अज्ञानमा हामीसँग द्वेष गर्दछ अथवा अज्ञानकै कारण जुन धार्मिक वा पापी व्यक्तिसँग हामी द्वेष गर्दछौं ती सबै खराव प्रवृत्तिहरूलाई हामी दाह्राका बीचमा राखेर नष्ट गर्दछौं । अव उपरान्त हामी पनि कसैसँग वैरभाव नराखौं र अरू कुनै प्राणीले पनि हामीसँग वैरभाव नराखोस् । हामी सबै परस्पर मित्रभावले व्यवहार गरौं ॥१॥

ध्रुवा दिग्विष्णुरधिपतिः कल्माषग्रीवो रक्षिता वीरुध इषवः । तेभ्यो नमोऽधिपतिभ्यो नमो रक्षितृभ्यो नम इषुभ्यो नम एभ्यो अस्तु । योऽस्मान् द्वेष्टि यं वयं द्विष्मस्तं वो जम्भे दध्मः ॥५॥

तलतिरको दिशामा व्याप्त परमेश्वरको नाम विष्णु हो । हामीले त्यसको ध्यान गर्नुपर्दछ । हरियो रङ्गको वृक्ष आदि यसको ग्रीवा जस्तै हो । सबै वृक्ष नै यसका बाण समान हुन् । त्यस्तो परमेश्वरले अधोदिशामा हाम्रो रक्षा गरोस् । ईश्वरका गुण र ईश्वरले रचना गरेका पदार्थले जगत्को रक्षा गर्दछन् र पापीहरूलाई वाणहरूले जस्तै पीडा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन्छन् । तिनलाई हाम्रो नमस्कार छ । जसले अज्ञानमा हामीसँग द्वेष गर्दछ अथवा अज्ञानकै कारण जुन धार्मिक वा पापी व्यक्तिसँग हामी द्वेष गर्दछौं ती सवै खराव प्रवृत्तिहरूलाई हामी दाह्रका वीचमा राखेर नष्ट गर्दछौं । अव उपरान्त हामी पनि कसैसँग वैरभाव नराखौं र अरू कुनै प्राणीले पनि हामीसँग वैरभाव नराखोस् । हामी सवै परस्पर मित्रभावले व्यवहार गरौं ॥१॥

ऊर्ध्वा दिग्बृहस्पतिरधिपतिः श्वित्रो रक्षिता वर्षमिषवः । तेभ्यो नमोऽधिपतिभ्यो नमो रक्षितृभ्यो नम इषुभ्यो नम एभ्यो अस्तु । योऽस्मान् द्वेष्टि यं वयं द्विष्मस्तं वो जम्भे दध्मः ॥६॥

अथर्ववेद ३।२७।१-६॥

माथितिरको स्वामी परमेश्वर बृहस्पति हो । त्यो परमेश्वर महान् वेदशास्त्र तथा ठूला आकाश आदिको स्वामी हो । त्यसलाई हामीले आफ्नो रक्षक मान्नु पर्दछ । वर्षाका थोपा नै उसका वाण हुन् । बृहस्पति परमेश्वरले तीबाट हाम्रो रक्षा गरोस् । ईश्वरका गुण र ईश्वरले रचना गरेका पदार्थले जगत्को रक्षा गर्दछन् र पापीहरूलाई वाणहरूले जस्तै पीडा दिन्छन् । तिनलाई हाम्रो नमस्कार छ । जसले अज्ञानमा हामीसँग द्वेप गर्दछ अथवा अज्ञानकै कारण जुन धार्मिक वा पापी व्यक्तिसँग हामी द्वेप गर्दछौं ती सवै खराव प्रवृत्तिहरूलाई हामी दाह्राका बीचमा राखेर नष्ट गर्दछौं । अव उपरान्त हामी पनि कसैसँग वैरभाव नराखौं र अरू कुनै प्राणीले पनि हामीसँग वैरभाव नराखोस् । हामी सवै परस्पर मित्रभावले व्यवहार गरौं ॥१॥

मनसा परिक्रमाका मन्त्रहरूको भाव के हो भने सबै मानिसले सर्वशक्तिमान्, सबैको गुरु, न्यायकारी, दयालु र पिता जस्तै पालक परमेश्वरलाई नै सवै दिशाहरूमा रक्षकका रूपमा रहेको विश्वास लिनुपर्दछ ।

१०. उपस्थान

उपस्थानको अर्थ नजिक अवस्थिति वा नजिक बस्नु हो । अत्यन्त श्रद्धालु भएर, हात जोडेर निम्नलिखित उपस्थान मन्त्रद्वारा आफ्ना असल भावहरूको सिद्धिका लागि परमेश्वरको स्तुति र प्रार्थना गर्दै आफूलाई परमेश्वरको समीप र परमेश्वरलाई आफ्नो समीप सम्झनुपर्दछ :

ओम् उद्वयं तमसस्परि स्वः पश्यन्त उत्तरम् ।
देवं देवत्रा सूर्यमगन्म ज्योतिरुत्तमम् ॥१॥ यजुर्वेद ३५।१४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे परमेश्वर ! सबै अन्धकारदेखि टाढा प्रकाशस्वरूप, प्रलयपछि पनि सदा विद्यमान, देवहरूका पनि देव अर्थात् प्रकाश गर्नेहरूमा पनि प्रकाशक, चराचरको आत्मा ज्ञानस्वरूप र सबैभन्दा उत्तम तपाईंलाई नै ठानेर हामी सत्यवाट प्राप्त भएका छौं । हामी तपाईंकै शरणमा छौं । हाम्रो रक्षा तपाईंकै अधीनमा छ ।

उदु त्यं जातवेदसं देवं वहन्ति केतवः । दृशे विश्वाय सूर्यम् ॥२॥

यजुर्वेद ३३।३१

जसवाट ऋग्वेदादि चार वेद प्रसिद्ध भएका छन् र जो प्रकृति आदि सबै प्राणीहरूमा व्याप्त भैरहेको छ । जो सव जगत्को उत्पादक हो । त्यो परमेश्वर जातवेदा नामले प्रसिद्ध छ । सबै देवहरूको पनि देव र सबै जीव आदि जगत्को प्रकाशक त्यस परमात्माको विश्वविद्याको प्राप्तिका लागि हामीहरू उपासना गर्दछौं । जुन परमात्माको केतवः अर्थात् वेदको श्रुति र जगत्का छुट्टाछुट्टै रचा आदि नियामक गुण जनाउँदछन् र प्राप्त गराउँछन् । हामी त्यस विश्वको आत्मा अन्तर्यामी परमेश्वरकै उपासना गरौं । अरूको उपासना न गरौं ॥२॥

चित्रं देवानामुदगादनीकं चक्षुर्मित्रस्य वरुणस्याग्नेः । आ प्रा द्यावापृथिवी अन्तरिक्ष ँ सूर्य आत्मा जगतस्तस्थुषश्च ॥३॥

यजुर्वेद १३।४६

प्राणीहरू र जड जगत्को आत्मालाई सूर्य भनिन्छ । जसले सूर्य र अन्य सबै लोकहरूलाई बनाएर धारण र रक्षण गर्दछ, जो मित्र अर्थात् राग, द्वेषरहित मानिस तथा सूर्यलोक र प्राणको चक्षु प्रकाश गर्ने हो । सबै उत्तम कर्महरूमा विद्यमान मासिन प्राण, अपान र अग्निलाई प्रकाशित गर्दछ । अद्भुतस्वरूप विद्वान्हरूका हृदयमा सदा प्रकाशित रहन्छ । सकल मानिसहरूका सबै दुःख नाश गर्नका लागि परम उत्तम वलस्वरूप हो । त्यो परमेश्वर हाम्रा हृदयहरूमा यथावत् प्रकाशित भईरहोस् ॥३॥

तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् । पश्येम शरदः शतं जीवेम शरदः शत ँ श्रृणुयाम शरदः शतं प्र ब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ॥४॥ यजुर्वेद ३६।२४

जुन व्रह्म सबैको द्रष्टा धार्मिक विद्वान्हरूको परम' हितकारक तथा सृष्टिभन्दा अघि थियो, पछि रहनेछ र मध्यमा पनि सत्यस्वरूपले विद्यमान छ त्यो नै सबै जगत्को उत्पत्तिकर्त्ता हो । त्यसै व्रह्मलाई हामी सय वर्षसम्म देखौं, हामी सय वर्षसम्म वाँचौं, सय वर्षसम्म सुनौं, त्यसै ब्रह्मको उपदेश गरौं र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसकै कृपाले कसैको अधीनमा नरहौं । त्यसै परमेश्वरको आज्ञा पालन र कृपाले सय वर्षपछि पनि हामीहरू बाँचौं, देखौं, सुनौं, सुनाऔं र हाम्रो आत्मा सदा आनन्दसहित रहोस् ॥४॥

यही एक परमेश्वर सबै मानिसहरूको उपास्य देव हो । जसले यस्तो परमेश्वरलाई छोडेर अरूको उपासना गर्दछ त्यो पशुजस्तै भएर सधैं दुःख भोगिरहन्छ । यसकारण प्रेममा अत्यन्त मग्न भएर आत्मा र मनलाई परमेश्वरमा लगाएर यी मन्त्रहरूबाट स्तुति र प्रार्थना सधैं गर्ने गर्नुपर्दछ ।

११. गुरुमन्त्र

उपस्थानपछि अर्थचिन्तन सहित निम्नलिखित गायत्रीमन्त्रको जप गर्नुपर्दछ । आफ्नो समय र अवस्था अनुसार गायत्री मन्त्रको जप बढीभन्दा बढी गर्नुपर्दछ । गायत्री मन्त्रको जप र त्यसको अर्थचिन्तनका साथै आफ्नो चरित्र र आचरणलाई पनि सोही अनुकूल बनाउने प्रयास गर्नुपर्दछ :

ओ३म् भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ॥ यजुर्वेद ३६।३

'ओम्' परमेश्वरको मुख्य नाम हो, यस एक नाममा परमेश्वरका अरू सबै नाम समाहित हुन्छन् । (भूः) प्राणका पनि प्राण, (भुवः) दुःखहर्त्ता, (स्वः) सुखस्वरूप र आफ्ना उपासकहरूलाई सुखप्रदाता, त्यस (सवितुः) सब जगत्को उत्पत्तिकर्त्ता, सूर्य आदि प्रकाशकको पनि प्रकाशक, समग्र ऐश्वर्यदाता, (देवस्य) कामना गर्न योग्य, सर्वत्र विजय गराउने परमात्माको (वरेण्यं) अतिश्रेष्ठ, ग्रहण र ध्यान गर्न योग्य, (भर्गः) सबै क्लेश भस्म गराउने पवित्र शुद्ध स्वरूपलाई (तत्) त्यसलाई हमीहरू (धीमहि) धारण गरौं । (यः) जुन परमात्माले (नः) हाम्रा (धियः) बुद्धिलाई उत्तम गुण, कर्म, स्वभावतर्फ (प्रचोदयात्) प्रेरणा गरून् । यसै प्रयोजनका लागि यस्ता जगदीश्वरको स्तुति, प्रार्थना, उपासना गर्नुपर्दछ तथा यसबाहेक कसैलाई उपास्य, इष्टदेव, सोसरह वा बढी मान्नुहुँदैन ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०. समर्पण

यसरी प्रतिदिन प्रातः सायं दुवै समयमा एकान्त ठाउँमा गएर शान्त र एकाग्र भएर परमेश्वरको ध्यान गर्नुपर्दछ । सबै मन्त्र र तिनको अर्थचिन्तका माध्यमले परमेश्वरको सम्यक् उपासना गरेर निम्नानुसार समर्पण गर्नुपर्दछ :

हे ईश्वर दयानिधे ! भवत्कृपयाऽनेन जपोपासनादि कर्मणा धर्मार्थकाममोक्षाणां सद्यः सिद्धिर्भवेन्नः ॥

हे दयानिधि परमेश्वर ! तपाईंका कृपाले जप, उपासना आदि कर्म गरेर हामी धर्म, अर्थ, काम, मोक्षको सिद्धि गरौं ।

११. ईश्वरनमस्कार

समर्पण गरिसकेपछि नम्रतापूर्वक निम्नलिखित मन्त्रद्वारा ईश्वरलाई नमस्कार गर्नुपर्दछ :

नमः शम्भवाय च मयोभवाय च नमः शङ्कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च ॥ यजुर्वेद १६।४१

सुखस्वरूप, संसारका उत्तम सुख दिने, कल्याणकारी, मोक्षस्वरूप, सधैं धर्मयुक्त कार्यहरू मात्र गर्ने, आफ्ना भक्तहरूलाई सुख प्रदान गर्ने तथा धर्मयुक्त कामकाजमा लगाउने, अत्यन्त मङ्गलस्वरूप र धार्मिक मानिसहरूलाई मोक्षसुख दिने परमेश्वरलाई हाम्रो वारम्वार नमस्कार छ ।

इति सन्ध्योपासनविधिः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्निहोत्र

अग्निहोत्र किन गर्ने ?

दुर्गन्धयुक्त वायु र जलबाट रोग, रोगबाट प्राणीहरूलाई दुःख, त्यस्तै सुगन्धित वायु तथा जलबाट आरोग्य र रोग नष्ट हुने हुनाले सुख प्राप्त हुन्छ भन्ने कुरा सबैलाई थाहै छ । जहाँ होम हुन्छ, त्यहाँभन्दा टाढा बसेका व्यक्तिहरूले पनि वास्ना लिन पाउँछन्, त्यस्तै दुर्गन्ध पनि लिइन्छ । अग्निमा हालेको पदार्थ सूक्ष्म भै फैलिएर वायुसँग टाढाटाढा पुगेर दुर्गन्ध हटाउँछ भन्ने कुरा यत्तिकैबाट बुझ्नुपर्दछ । केसर, कस्तुरी, सुगन्धित पुष्प र अत्तर आदिको सुगन्धमा घरभित्रको वायुलाई बाहिर निकालेर शुद्ध वायु प्रवेश गराउने सामर्थ्य हुँदैन । किनभने तिनमा भेदक शक्ति हुँदैन । त्यस वायु र दुर्गन्धयुक्त पदार्थलाई छिन्नभिन्न र हलुका पारेर बाहिर निकालेर पवित्र वायु भित्र प्रवेश गराउने सामर्थ्य अग्निमा मात्र छ । हवनका मन्त्रको व्याख्याबाट होमबाट हुने फाइदाको ज्ञान हुन्छ । मन्त्रहरूलाई बारम्बार बोल्नाले ती याद रहन्छन् । वेद पुस्तकहरूको पठनपाठन र रक्षा पनि हुन्छ । होम नगर्नाले पाप लाग्छ, किनभने जुन मानिसको शरीरबाट जति दुर्गन्ध उत्पन्न भई वायु र जललाई बिगारेर रोग उत्पत्तिको कारण भएर प्राणिहरूलाई दुःख दिन्छ, त्यति नै पाप त्यस मानिसलाई लाग्दछ । त्यस पापको निवारणको निम्ति प्रत्येकले होम गर्नु अत्यावश्यक छ ।

महर्षि दयानन्द सरस्वतीकृत सत्यार्थप्रकाश (तेस्रो समुल्लास)

अग्निहोत्रबाट वायु, वृष्टि, जल आदिको शुद्धि भएर संसारलाई सुख प्राप्त हुन्छ । शुद्ध वायुको श्वास, स्पर्श र खानपानले आरोग्य, बुद्धि, बल, पराक्रम बढेर धर्म, अर्थ, काम र मोक्षको अनुष्ठान पूरा हुन्छ ।

सत्यार्थप्रकाश, चौथो समुल्लास

केसर, कस्तुरी आदि सुगन्ध, घ्यू, दूध आदि पुष्टिकारक, सखर आदि गुलियो र सोमलता आदि औषधि रोगनाशक यी चार किसिमका बुद्धि, वृद्धि, शूरता, धीरता, बल र आरोग्य गर्ने गुणयुक्त पदार्थ हुन्छन् । यस्ता वस्तुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

होम गर्नाले वायु र वार्षाको जलको शुद्धि गरेर शुद्ध हावा र जलको योगबाट पृथिवीका सबै पदार्थहरूको गुणस्तरमा वृद्धि हुन्छ र त्यसबाट सबै जीवहरूलाई परम सुख हुन्छ । यसकारण त्यस अग्निहोत्र कर्म गर्ने मानिसहरूलाई पनि जीवहरूको उपकार गर्नाले अत्यन्त सुखको लाभ हुन्छ । ईश्वर पनि त्यस्ता मासिससँग प्रसन्न हुन्छ । यस्ता यस्ता प्रयोजनहरूको सिद्धिका लागि अग्निहोत्र आदि गर्नु उचित हुन्छ । पञ्चमहायज्ञविधि

पूर्वोक्त सुगन्धादि युक्त चार प्रकारका द्रव्यहरूलाई राम्ररी संस्कार गरेर अग्निमा होम गर्नाले जगत्को अत्यन्त उपकार हुन्छ । जसरी दाल, साग आदिमा सुगन्ध द्रव्य र यी दुबैलाई आगोमा तताएर झान्नाले ती सुगन्धित हुन्छन् । किनकि ती सुगन्धित द्रव्य र घ्यूका अणुले तिनलाई सुगन्धित पारेर दाल आदि पदार्थहरूलाई पुष्टि र रुचि बढाउने पारिदिन्छन् । त्यसैगरी यज्ञबाट उठ्ने वाफले पनि वायु र वृष्टिको जललाई निर्दोष र सुगन्धित पारेर सब जगत्लाई सुखकारी हुन्छ । यसकारण यज्ञ परोपकारका लागि नै हुन्छ ।

ऋग्वेदादिभाप्यभूमिका, वेदविपय

अग्निहोत्रका लागि चाहिने सामग्री

सन्ध्योपासना गरिसकेपछि अग्निहोत्रको समय हुन्छ । अग्निहोत्रका लागि सुन, चाँदी, तामा, फलाम अथवा माटोको कुण्ड बनाउन लगाउनु पर्दछ । सामान्यतया कुण्डको परिमाण चौडाइ सोह्र अङ्गुल, त्यति नै लम्बाइ र गहिराइ पनि त्यति नै हुनुपर्दछ । कुण्डको तलीमा चाहि लम्बाइ चौडाइ चार अङ्गुल अर्थात् समग्र लम्बाइ वा चौडाइको चौथाइ हुनुपर्दछ । यसैगरी सोह्र अम्मल लामो बिंड भएको र अगाडि थोरै चौडा भएको आचमनी जस्तै सुन, चाँदी, पितल वा काठको स्रुवा बनाउन लगाउनु पर्दछ । एउटा आज्यस्थाली अर्थात् घ्यू आदि राख्ने पात्र, जलको पात्र, चिमटा तथा पलाश आदिको समिधा पनि चाहिन्छ । घ्यूलाई तताएर छान्नुपर्दछ र त्यसमा केही कस्तुरी, केसर आदि सुगन्धित पदार्थ पिंधेर मिसाउनुपर्दछ । अग्निहोत्र गर्दा शुद्ध ठाउँमा बसेर पूर्वोक्त सामान सँगै राख्नुपर्दछ । त्यसपछि विधिपूर्वक अग्निहोत्र गर्नुपर्दछ । पञ्चमहायज्ञविधि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्निहोत्रका लागि मुख्य रूपमा निम्नलिखित सामान जुटाउनुपर्दछ :

यज्ञकुण्ड १, समिधा (आवश्यक्ताअनुसार), कपूर, पञ्चपात्र ४, आचमनी ४, करुवा वा लोटा १, घ्यू (आवश्यक्ताअनुसार), घ्यू राख्न कचौरा १, स्रुवा वा लामो चम्चा १, चरु (आवश्यकताअनुसार), चरु राख्न थाल ४, यज्ञोपवीत (जनै), दियो १, बाती, अगरवत्ती, फूल, फल, मिठाई, घसेको चन्दन आदि ।

समिधा : धेर धुवाँ नआउने आँप, बर, पीपल, पलाश वा त्यस्तै अरू कुनै जातको हुनु उपयुक्त हुन्छ ।

चरु : खाद्य पदार्थको सट्टा सुगन्धित जडीबुटीहरूको हुनुपर्दछ । चरुमा सामान्यतः निम्नलिखित वस्तुहरू प्रयोग गरिन्छन् । आफैं चरु बनाउन असजिलो भए नजिकको आर्यसमाजमा सम्पर्क गरेर प्राप्त गर्न सकिन्छ :

सेतो चन्दनको धुलो २४ भाग, अगर, तगर, दालचीनी, तालीसपत्र, पानडी, ल्वाङ, अलैंची, इन्द्रजौ, कपूरकचरी, अमला, नागरमोथा १५-१५ भाग, गोकुलधूप, नरिवल, छोकडा, गुलाफको फूल, किसमिस, बालछड, तुम्बुरु, सुपारी, सालको गूँद ३०-३० भाग, जायफल, जायपत्री, नागकेसर ७-७ भाग, सखर र घ्यू ६०-६० भाग ॥

अग्निहोत्रको विधि

गृहस्थले दैनिक अग्निहोत्र गर्दा प्रातःकालीन होमाहुति, सायंकालीन होमाहुति, व्याहृत्याहुति आदि आहुति प्रदान गरेर पूर्णाहुति गर्नुपर्दछ ।

साङ्गठनिक वा सामूहिक रूपमा साप्ताहिक अग्निहोत्र गर्दा भने आचमन, अङ्गस्पर्श, ईश्वरस्तुतिप्रार्थनोपासनाका मन्त्रहरूको पाठ, अग्न्याधान, समिदाधान, पञ्चाहुति, जलप्रोक्षण, आघारावाज्याहुति, प्रातःकालीन र सायंकालीन होमका आहुतिहरू, महाव्याहृति आहुतिहरू, यां मेधां आदि तीन मन्त्रबाट आहुति र पूर्णाहुति गर्नुपर्दछ । यसैगरी नैमित्तिक रूपमा वा पर्व आदिमा गरिने बृहद्यज्ञको विधि भने अझ विस्तृत हुन्छ । यहाँ आर्यसमाज आदि संस्थामा सामूहिक रूपमा गरिने अग्निहोत्रको सामान्य विधि र बृहद्यज्ञको विधि प्रस्तुत गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सामान्य अग्निहोत्रको विधि

अग्निहोत्र वा होम गर्नुलाई देवयज्ञ भनिन्छ । नित्य सन्ध्योपासना जस्तै अग्निहोत्र पनि स्त्री पुरुष दुबैले नित्य गर्नुपर्दछ । अग्निहोत्र सम्बन्धी सबै सामान जुटाइसकेपछि नियत समयमा अग्निहोत्र गर्न तत्पर व्यक्तिहरू शुद्ध भई शुद्ध आसनमा बसेर सर्वप्रथम दायाँ हातको हत्केलामा जल लिएर निम्नलिखित एक एक मन्त्रले एक एक गरी तीन आचमन गर्नुपर्दछ :

१. आचमन

ओं अमृतोपस्तरणमसि स्वाहा ॥१॥ पहिलो आचमन
ओं अमृतापिधानमसि स्वाहा ॥२॥ दोस्रो आचमन
ओं सत्यं यशः श्रीर्मयि श्रीः श्रयतां स्वाहा ॥३॥ तेस्रो आचमन

२. अङ्गस्पर्श

आचमन गरेर हात धोइसकेपछि देब्रे हातको हत्केलामा जल लिएर दायाँ हातका मध्यमा र अनामिका (माझी र साहिंली) औंलाले निम्नलिखित मन्त्रद्वारा अङ्गस्पर्श मन्त्रका साथै सङ्केत गरिएका अङ्गहरूमा स्पर्श गर्नुपर्दछ । अङ्गस्पर्श गर्दा पहिले आफ्ना अङ्गको दाहिनेतिर अनि देब्रेतिर स्पर्श गर्नुपर्दछ :

ओं वाङ्म आस्येऽस्तु ॥ मुख
ओं नसोर्मे प्राणोऽस्तु ॥ नाक
ओं अक्ष्णोर्मे चक्षुरस्तु ॥ आँखा
ओं कर्णयोर्मे श्रोत्रमस्तु ॥ कान
ओं बाह्वोर्मे बलमस्तु ॥ बाहु
ओं ऊर्वोर्म ओजोऽस्तु ॥ घुँडा र
ओं अरिष्टानि मेऽङ्गानि तनूस्तन्वा मे सह सन्तु ॥ सर्वत्र ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. ईश्वरस्तुतिप्रार्थनोपासना

ईश्वरस्तुतिप्रार्थनोपासनाका मन्त्रलाई एकजना विद्वान् वा बुद्धिमान् व्यक्तिले अर्थसहित सस्वर उच्चारण गर्नुपर्दछ । अरू सबैले स्थिरचित्त भएर सुन्नु र विचार गर्नुपर्दछ । सामूहिक रूपमा मन्त्रपाठ गर्ने हो भने स्वर मिलाउन सक्नेले मात्र मिलेर मन्त्रोच्चारण गर्नुपर्दछ । भिन्नाभिन्नै स्वर सुनिने गरी मन्त्रोच्चारण गर्नुहुँदैन भन्ने कुरामा विशेष ध्यान दिनुपर्दछ :

ओ३म् विश्वानि देव सवितर्दुरितानि परा सुव ।
यद्भद्रं तन्नऽआ सुव ॥१॥

यजुर्वेद ३०।३॥

हे सकल जगत्का उत्पत्तिकर्त्ता, समग्र ऐश्वर्ययुक्त, शुद्धस्वरूप सब सुखदाता परमेश्वर ! तपाईं कृपा गरी हाम्रा सम्पूर्ण दुर्गुण, दुर्व्यसन र दुःख दूर गरी सम्पूर्ण कल्याणकारक गुण, कर्म, स्वभाव र पदार्थ हामीलाई प्राप्त गराउनुहोस् ॥१॥

हे ऐश्वर्य समग्रयुक्त सविता ! सर्जक सबै लोकका ।
निर्मल, शुद्धस्वरूप दिव्य सुखका, दाता परम देवता ॥
हाम्रा दुर्गुण दुर्व्यसन दुःखहरू, सारा प्रभो दूर हुन् ।
कल्याणकारक भद्र सद्गुणहरू, आऊन् सबै प्राप्त हुन् ॥१॥

हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेकऽआसीत् ।
स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥२॥

यजुर्वेद १३।४

जो स्वप्रकाशस्वरूप छ र जसले प्रकाश गर्ने सूर्य, चन्द्र आदि पदार्थ उत्पन्न गरेर धारण गरेको छ । जो उत्पन्न भएका सम्पूर्ण जगत्को प्रसिद्ध स्वामी एक मात्र चेतनस्वरूप थियो । जो सब जगत् उत्पन्न हुनुअघि वर्तमान थियो । उसैले यस भूमि र सूर्य आदिलाई धारण गरिरहेको छ । हामीहरू त्यस सुखस्वरूप, शुद्ध परमात्माका लागि ग्रहण गर्न योग्य योगाभ्यास र अति प्रेमले विशेष भक्ति गर्ने गरौं ॥२॥

आफ्नो दिव्य प्रकाशले रवि शशि, पार्ने प्रखर झलमल ।
सर्जित जीव समूहका भुवनका, प्यारा पिता सुन्दर ॥
यो पावन प्रिय सृष्टिदेखि अघि औ, यस्तै पछाडि पनि ।
जो नित्यै रहने अनादि प्रभुको, श्रद्धा गरौं नत बनी ॥२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यऽआत्मदा बलदा यस्य विश्वऽउपासते प्रशिषं यस्य देवाः ।
यस्य छायामृतं यस्य मृत्युः कस्मै देवाय हविषा विधेम ॥३॥

यजुर्वेद २५।१३

जो आत्मज्ञान दिने, शरीर, आत्मा र समाजका लागि वल दिने, जसको सवै विद्वान्हरू उपासना गर्दछन् र जसको प्रत्यक्ष सत्यस्वरूप शासन र न्याय अर्थात् शिक्षालाई मान्दछन्, जसको आश्रय नै मोक्ष सुखदायक हुन्छ, जसलाई नमान्नु अर्थात् भक्ति नगर्नु नै मृत्यु आदि दु:खको हेतु हुन्छ, हामीहरू त्यस सुखस्वरूप सकल ज्ञानदाता परमात्माको प्राप्तिका लागि आत्मा र अन्त:करणवाट भक्ति गरौं अर्थात् उसैको आज्ञा पालन गर्नमा तत्पर रहौं ॥३॥

आत्मज्ञान दिने तथा बल दिने, आत्मा तथा देहमा ।
गर्छन् दिव्य उपासना दृढ भई, विद्वान्हरू योगमा ॥
जसको आश्रय मोक्ष सुख हो, नमान्नु नै मृत्यु हो ।
आज्ञा पालन गर्न तत्पर रहौं, यस्ता परम देवको ॥३॥

यः प्राणतो निमिषतो महित्वैकऽइद्राजा जगतो बभूव ।
यऽईशेऽअस्य द्विपदश्चतुष्पदः कस्मै देवाय हविषा विधेम ॥४॥

यजुर्वेद २३।३

जो आफ्नो अनन्त महिमाले प्राणयुक्त र अप्राणिरूप जगत्को एकमात्र राजा विराजमान छ । जो यस मनुष्य आदि र गौ आदि प्राणिहरूका शरीरको रचना गर्दछ । हामीहरू त्यस सुखस्वरूप, सकल ऐश्वर्यदाता परमात्माको उपासना गरौं अर्थात् आफ्ना सकल उत्तम सामग्रीलाई उसैको आज्ञापालनमा समर्पित गरेर विशेष भक्ति गरौं ॥४॥

जडमा चेतनमा अनन्त करुणा, राखेर जो बस्तछ ।
मानिस र पशु पक्षी कीट सबको, निर्माण जो गर्दछ ॥
यस्ता दिव्यस्वरूप पूज्य प्रभुको, आज्ञा शिरैमा धरौं ।
उत्तम वस्तु सबै समर्पण गरी, भक्ति निरन्तर गरौं ॥४॥

येन द्यौरुग्रा पृथिवी च दृढा येन स्व स्तभितं येन नाकः।
योऽन्तरिक्षे रजसो विमानः कस्मै देवाय हविषा विधेम ॥५॥

यजुर्वेद ३२।६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परमात्माले तीक्ष्ण स्वभाव भएका सूर्य आदि र भूमिलाई, सुखलाई र दुःखरहित मोक्षलाई धारण गरेको छ । उसले आकाशमा सब लोकलोकान्तरलाई विशेष मानयुक्त गर्दछ, अर्थात् जसरी आकाशमा चराचुरुङ्गी उड्दछन्, त्यस्तै ईश्वरले सबै लोकको निर्माण गर्दछ र घुमाउँछ । हामीहरू त्यस सुखदायक, कामना गर्न योग्य परब्रह्मको प्राप्तिका लागि सबै सामर्थ्यले विशेष भक्ति गरौं ॥५॥

जुन प्यारा जगदीशले सुख तथा, जाज्वल्यमान सूर्यको ।
सिर्जन गर्नुभएर शान्त धरणी, ऐश्वर्यले भर्नुभो ॥
द्वन्द्वातीत अनेक स्वर्ग सुख औ, यी लोकलोकान्तर ।
धारण पोषण गर्नुहुन्छ जसले, पर्नु उहाँकै भर ॥५॥

प्रजापते न त्वदेतान्यन्यो विश्वा जातानि परि ता बभूव ।
यत्कामास्ते जुहुमस्तन्नो अस्तु वयं स्याम पतयो रयीणाम् ॥६॥

ऋग्वेद १०।१२१।१०

हे सब प्रजाका स्वामी परमात्मा ! तपाईंबाहेक अरू कसैले ती यी सब उत्पन्न भएका जड चेतन आदिलाई तिरस्कार गर्दैनन् अर्थात् तपाईं सर्वोपरि हुनुहुन्छ । जुनजुन पदार्थको कामना गर्दै हामीहरू तपाईंको आश्रय लिन्छौं र इच्छा याचना गर्दछौं, हम्रो त्यसत्यसको कामना सिद्ध होओस्, जसबाट हामीहरू धन ऐश्वर्यका स्वामी होऔं ॥६॥

सर्वाराध्य प्रजापते ! हजुरको, यो सृष्टिमा सर्जित ।
अर्को को छ तपाईं भिन्न जगमा, तपाईं सर्वोपरि ॥
इच्छा जुन लिई भक्तजन सब, तपाईंकै आश्रित ।
हामी प्राप्त गरौं शुद्ध धन औ, ऐश्वर्य र वैभव ॥

स नो बन्धुर्जनिता स विधाता धामानि वेद भुवनानि विश्वा ।
यत्र देवाऽअमृतमानशानास्तृतीये धामन्नध्यैरयन्त ॥७॥

यजुर्वेद ३२।१०

हे मानिसहरू ! त्यो परमात्मा हामीहरूको भ्राताजस्तै सुखदायक, सकल जगत्को उत्पादक, सबै काम पूर्ण गर्दछ र सम्पूर्ण लोकमात्र र नाम, स्थान, जन्महरूलाई जान्दछ । सांसारिक सुखदुःखरहित नित्यानन्दयुक्त, मोक्षस्वरूप, धारण गर्ने जुन परमात्मामा विद्वान्हरू मोक्ष प्राप्त गरेर स्वेच्छापूर्वक विचरण गर्दछन्, उही परमात्मा हाम्रा गुरु, आचार्य, राजा र न्यायाधीश हो । हामी सबै मिलेर सदा उसको भक्ति गर्ने गरौं ॥७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भ्रातारूप सखा सदा सुख दिने, सारा जगद्धारक ।
नाम स्थान र जन्म जान्दछ सबै, ब्रह्माण्डकै निश्चय ॥
सांसारिक सुखदु:खदेखि विरहित, आनन्दको सागर ।
सर्वात्मा महनीय विश्वगुरुको, चिन्तन गरौं निर्भय ॥७॥

अग्ने नय सुपथा रायेऽअस्मान्विश्वानि देव वयुनानि विद्वान् ।
युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नमऽउक्तिं विधेम ॥८॥

यजुर्वेद ४०।१६

हे स्वप्रकाश, ज्ञानस्वरूप सव जगत्का प्रकाशक, सकल सुखदाता परमेश्वर ! तपाईं सम्पूर्ण विद्यायुक्त हुनुहुन्छ। कृपा गरेर हामीलाई विज्ञान वा राज्य आदि ऐश्वर्य प्राप्तिका लागि असल धर्मयुक्त आप्तहरूका मार्गबाट सम्पूर्ण प्रज्ञान र उत्तम कर्म प्राप्त गराइदिनुहोस् तथा हामीबाट कुटिलतायुक्त पापरूप कर्मलाई हटाइदिनुहोस् । यसरी हामीहरू तपाईंको धेरै प्रकारको स्तुतिरूप नम्रतापूर्वक प्रशंसा सदा गर्ने गरौं तथा सर्वदा आनन्दमा रहौं ॥८॥

अग्ने ! ज्ञानस्वरूप ज्योतिमय हे ! हामी सुपथमा हिंडौं ।
ऐश्वर्यादि समग्र दिव्य पथको, यज्ञार्थ विस्तार गरौं ॥
हाम्रा क्षुद्र कुभाव औ कुटिलता, टाढा विदा गर्दिनोस् ।
स्वामीकै गुणगान कीर्तन गरी, आनन्दमा मन रमोस् ॥

४. अग्न्याधान

निम्नलिखित मन्त्र उच्चारण गरेर घ्यूको दियो बाल्नुपर्दछ :

ओं भूर्भुवः स्वः ॥

त्यसपछि दियोबाट कपूर सल्काएर चम्चा वा अरू कुनै पात्रमा राखेर हातमा लिई निम्नलिखित मन्त्र उच्चारण गरेर अग्निलाई यज्ञकुण्डको बीचमा राख्नुपर्दछ । समिधाचयनको विधिअनुकूल कुण्डमा अघिदेखि नै केही समिधा राखेको हुनु पर्दछ :

ओं भूर्भुवः स्वर्द्यौरिव भूम्ना पृथिवीव वरिम्णा ।
तस्यास्ते पृथिवि देवयजनि पृष्ठेऽग्निमन्नादमन्नाद्यायादधे ॥ यजुर्वेद ३।५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. अग्निसमिन्धन

निम्नलिखित मन्त्र पढेर अग्निलाई प्रदीप्त गर्नुपर्दछ । अग्निलाई प्रदीप्त पार्नका लागि थप कपूर, बत्ती आदिको प्रयोग वा पंखाले हम्कने कार्य पनि गर्न सकिन्छ :

ओम् उद्‌बुध्यस्वाग्ने प्रति जागृहि त्वमिष्टापूर्त्ते सँसृजेथामयं च ।
अस्मिन्त्सधस्थे अध्युत्तरस्मिन् विश्वे देवा यजमानश्च सीदत ॥

७. समिदाधान

कुण्डमा आगो सल्किन थालेपछि चन्दन वा पलाश, आँप, पीपल आदि मध्ये उत्तम काठका आठआठ अङ्गुलका तीनतीन समिधालाई घ्यूमा डुबाएर निम्नलिखित मन्त्रमध्ये पहिलो मन्त्र उच्चारण गरेर पहिलो समिधा, दोस्रो र तेस्रो मन्त्र उच्चारण गरेर दोस्रो समिधा र चौथो मन्त्र उच्चारण गरेर तेस्रो समिधा गरी तीन समिधा अग्निमा अर्पण गर्नुपर्दछ :

पहिलो समिधा

ओम् अयन्त इध्म आत्मा जातवेदस्तेनेध्यस्व वर्धस्व चेद्ध वर्द्धय चास्मान् प्रजया पशुभिर्ब्रह्मवर्चसेनान्नाद्येन समेधय स्वाहा ॥ इदमग्नये जातवेदसे । इदं न मम ॥१॥

दोस्रो समिधा

ओम् समिधाग्निं दुवस्यत घृतैर्बोधयतातिथिम् । आस्मिन् हव्या जुहोतन स्वाहा । इदमग्नये इदं न मम ॥२॥

सुसमिद्धाय शोचिषे घृतं तीव्रं जुहोतन । अग्नये जातवेदसे स्वाहा । इदमग्नये जातवेदसे इदं न मम ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेस्रो समिधा

तन्त्वा समिद्भिरङ्गिरो घृतेन वर्धयामसि । बृहच्छोचा यविष्ठ्य स्वाहा । इदमग्नयेऽङ्गिरसे इदं न मम ॥४॥

यजुर्वेद ३।१-३

८. पञ्चाहुति

समिदाधानपछि निम्नलिखित मन्त्र पढेर घ्यूको पाँच आहुति दिनुपर्दछ :

ओम् अयन्त इध्म आत्मा जातवेदस्तेनेध्यस्व वर्धस्व चेद्ध वर्द्धय चास्मान् प्रजया पशुभिर्ब्रह्मवर्चसेनान्नाद्येन समेधय स्वाहा ॥ इदमग्नये जातवेदसे । इदं न मम ॥१॥

ओम् अयन्त इध्म आत्मा जातवेदस्तेनेध्यस्व वर्धस्व चेद्ध वर्द्धय चास्मान् प्रजया पशुभिर्ब्रह्मवर्चसेनान्नाद्येन समेधय स्वाहा ॥ इदमग्नये जातवेदसे । इदं न मम ॥२॥

ओम् अयन्त इध्म आत्मा जातवेदस्तेनेध्यस्व वर्धस्व चेद्ध वर्द्धय चास्मान् प्रजया पशुभिर्ब्रह्मवर्चसेनान्नाद्येन समेधय स्वाहा ॥ इदमग्नये जातवेदसे । इदं न मम ॥३॥

ओम् अयन्त इध्म आत्मा जातवेदस्तेनेध्यस्व वर्धस्व चेद्ध वर्द्धय चास्मान् प्रजया पशुभिर्ब्रह्मवर्चसेनान्नाद्येन समेधय स्वाहा ॥ इदमग्नये जातवेदसे । इदं न मम ॥४॥

ओम् अयन्त इध्म आत्मा जातवेदस्तेनेध्यस्व वर्धस्व चेद्ध वर्द्धय चास्मान् प्रजया पशुभिर्ब्रह्मवर्चसेनान्नाद्येन समेधय स्वाहा ॥ इदमग्नये जातवेदसे । इदं न मम ॥५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. जलसिञ्चन

निम्नलिखित मन्त्र उच्चारण गरेर वेदीको पूर्वतिरबाट आरम्भ गरेर वेदीको चारैतिर जल छर्कनुपर्दछ :

ओम् अदितेऽनुमन्यस्व ॥१॥

वेदीको पूर्वतिर दक्षिणबाट उत्तरतर्फ

ओम् अनुमतेऽनुमन्यस्व ॥२॥

वेदीको पश्चिमतिर दक्षिणबाट उत्तरतर्फ

ओं सरस्वत्यनुमन्यस्व ॥३॥

वेदीको उत्तरतिर पश्चिमबाट पूर्वतर्फ र

ओं देव सवितः प्र सुव यज्ञं प्र सुव यज्ञपतिं भगाय । दिव्यो गन्धर्वः केतपूः केतं नः पुनातु वाचस्पतिर्वाचं नः स्वदतु ॥४॥

यजुर्वेद ३०।१

वेदीको पूर्वबाट आरम्भ गरेर चारैतिर जल छर्कनुपर्दछ ।

१०. आघारावाज्यभागाहुति

आघारावाज्यभागाहुतिका निम्नलिखित मन्त्रद्वारा निर्देशअनुसार अग्निमा घ्यूको आहुति दिनुपर्दछ :

ओम् अग्नये स्वाहा । इदमग्नये इदं न मम ॥

यज्ञकुण्डमा बलिरहेको अग्निमा उत्तरतर्फ

ओं सोमाय स्वाहा । इदं सोमाय इदं न मम ॥२॥

यज्ञकुण्डमा बलिरहेको अग्निमा दक्षिणतर्फ

ओं प्रजापतये स्वाहा । इदं प्रजापतये इदं न मम ॥३॥

यज्ञकुण्डको बीचमा

ओम् इन्द्राय स्वाहा । इदमिन्द्राय इदं न मम ॥४॥

यज्ञकुण्डको बीचमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११. मुख्य होम

प्रात:कालको मुख्य होम

प्रात:कालीन मुख्यहोमका निम्नलिखित मन्त्रद्वारा प्रात:काल घ्यू तथा अन्य सुगन्धित पदार्थ (चरु)को आहुति दिनुपर्दछ :

ओं सूर्यो ज्योतिर्ज्योतिः सूर्यः स्वाहा ॥१॥

ओं सूर्यो वर्चो ज्योतिर्वर्चः स्वाहा ॥२॥

ओं ज्योतिः सूर्यः सूर्यो ज्योतिः स्वाहा ॥३॥ यजुर्वेद ३।९

ओं सजूर्देवेन सवित्रा सजूरुषसेन्द्रवत्या ।
जुषाणः सूर्यो वेतु स्वाहा ॥४॥ यजुर्वेद ३।१०

सायंकालको मुख्य होम

सायंकाल सायंकालीन मुख्यहोमका निम्नलिखित मन्त्रद्वारा आहुति दिनुपर्दछ । बिहान मात्र होम गरिएमा प्रात:कालीन आहुतिपछि सायंकालीन मुख्यहोमका आहुति पनि प्रात:काल नै दिनुपर्दछ :

ओम् अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहा ॥१॥

ओम् अग्निर्वर्चो ज्योतिर्वचः स्वाहा ॥२॥

निम्नलिखित एक मन्त्रलाई मनमा सम्झेर आहुति दिनुपर्दछ :

ओम् अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहा ॥३॥ यजुर्वेद ३।९

ओं सजूर्देवेन सवित्रा सजू रात्र्येन्द्रवत्या ।
जुषाणो अग्निर्वेतु स्वाहा ॥४॥ यजुर्वेद ३।१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रातः सायं दुबै समयका आहुति

तलका मन्त्र उच्चारण गरेर प्रातः सायं आहुति दिनुपर्दछ :

ओं भूरग्नये प्राणाय स्वाहा ॥ इदमग्नये प्राणाय इदन्न मम ॥१॥

ओं भुवर्वायवेऽपानाय स्वाहा ॥ इदं वायवेऽपानाय इदन्न मम ॥२॥

ओं स्वरादित्याय व्यानाय स्वाहा ॥

इदमादित्याय व्यानाय इदन्न मम ॥३॥

ओं भूर्भुवः स्वरग्निवाय्वादित्येभ्यः प्राणापानव्यानेभ्यः स्वाहा ॥
इदमग्निवाय्वादित्येभ्यः प्राणापानव्यानेभ्य इदन्न मम ॥४॥

ओं मोघमन्नं विन्दते अप्रचेताः सत्यं ब्रवीमि वध इत्स तस्य ।
नार्यमणं पुष्यति नो सखायं केवलाघो भवति केवलादी ॥

ऋग्वेद १०।११७।६

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शयनअघि पाठ गर्ने मन्त्र

रात्रि विश्रामका लागि शयन (सुत्ने) बेलामा आफ्नो दिनभरिको क्रियाकलापलाई सम्झनुका साथै मीठो निद्रा प्राप्ति र अर्को दिन पुनः ताजगीका साथ जीवनमा अघि बढ्ने उत्साह, धैर्य प्राप्तिको कामनाका साथै परमेश्वरको कृपाका लागि धन्यवादस्वरूप निम्नलिखित मन्त्रहरूलाई अर्थचिन्तनका साथ पाठ गरेर निदाउने प्रयास गर्नुपर्दछ :

ओम् यज्जाग्रतो दूरमुदैति दैवं तदु सुप्तस्य तथैवैति ।
दूरङ्गमं ज्योतिषां ज्योतिरेकं तन्मे मनः शिवसङ्कल्पमस्तु ॥१॥

येन कर्माण्यपसो मनीषिणो यज्ञे कृण्वन्ति विदथेषु धीराः ।
यदपूर्वं यक्षमन्तः प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु ॥२॥

यत्प्रज्ञानमुत चेतो धृतिश्च यज्ज्योतिरन्तरमृतं प्रजासु ।
यस्मान्नऽऋते किं चन कर्म क्रियते तन्मे मनः शिवसङ्कल्पमस्तु ॥३॥

येनेदं भूतं भुवनं भविष्यत्परिगृहीतममृतेन सर्वम् ।
येन यज्ञस्तायते सप्तहोता तन्मे मनः शिवसङ्कल्पमस्तु ॥४॥

यस्मिन्नृचः साम यजूँ षि यस्मिन् प्रतिष्ठिता रथनाभाविवाराः ।
यस्मिँश्चित्तँ सर्वमोतं प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु ॥५॥

सुषारथिरश्वानिव यन्मनुष्यान्नेनीयतेऽभीशुभिर्वाजिनऽइव ।
हृत्प्रतिष्ठं यदजिरं जविष्ठं तन्मे मनः शिवसङ्कल्पमस्तु ॥६॥

यजुर्वेद ३४।१-६

ओम् अग्ने त्वं सुजागृहि वयं सुमन्दिषीमहि ।
रक्षाणो अप्रयुच्छन् प्रबुधे नः पुनस्कृधि ॥ यजुर्वेद ४।१४

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रार्थना

आर्यसमाजका साप्ताहिक सत्सङ्ग, सामूहिक भेला वा पारिवारिक सत्सङ्ग आदिको अन्त्यमा सबैले निम्नलिखित मन्त्र उच्चारण गरेर परमेश्वरको प्रार्थना गर्दै आत्मिक, भौतिक एवं दैहिक सुखादि प्राप्तिको कामना गर्नु राम्रो हुन्छ :

१. ओ३म् तेजोऽसि तेजो मयि धेहि । वीर्यमसि वीर्यं मयि धेहि ।
बलमसि बलं मयि धेहि । सहोऽसि सहो मयि धेहि ॥

२. ओ३म् मयि मेधां मयि प्रजां मय्यग्निस्तेजो दधातु ।
ओ३म् मयि मेधां मयि प्रजां मयीन्द्र इन्द्रियं दधातु ।
ओ३म् मयि मेधां मयि प्रजां मयि सूर्यो भ्राजो दधातु ।

३. ओ३म् यत्ते अग्ने तेजस्तेनाहं तेजस्वी भूयासम् ।
ओ३म् यत्ते अग्ने वर्चस्तेनाहं वर्चस्वी भूयासम् ।
ओ३म् यत्ते अग्ने हरस्तेनाहं हरस्वी भूयासम् ।

४. ओ३म् तनूपा अग्नेऽसि तन्वं मे पाहि ।
ओ३म् आयुर्दा अग्नेऽस्यायुर्मे देहि ।
ओ३म् वर्चोदा अग्नेऽसि वर्चो मे देहि ।
ओ३म् अग्ने यन्मे तन्वा ऊनं तन्म आपृण ॥

५. ओ३म् मेधां मे देवः सविता आदधातु ।
ओ३म् मेधां मे देवी सरस्वती आदधातु ।
ओ३म् मेधां मे अश्विनौ देवावाधत्तां पुष्करस्रजौ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सङ्गठन सूक्त

असल व्यक्तिहरूको प्रत्येक भेलामा ऋग्वेदको निम्नलिखित सङ्गठन सूक्तको पाठ सबैले मिलेर गर्नु र सोको अर्थचिन्तन सहित सामूहिकताको मानवीय भावना सधैं सबै अवस्थामा कायम राख्ने अठोट गर्नु पर्दछ :

ओम् सं समिद्युवसे वृषन्नग्ने विश्वन्यर्य आ ।
इडस्पदे समिध्यसे स नो वसून्या भर ॥१॥
ओम् सं गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे संजानाना उपासते ॥२॥
ओम् समानो मन्त्रः समितिः समानी समानं मनः सह चित्तमेषाम् ।
समानं मन्त्रमभि मन्त्रये वः समानेन वो हविषा जुहोमि ॥३॥
ओम् समानी व आकूतिः समाना हृदयानि वः ।
समानमस्तु वो मनो यथा वः सुसहासति ॥४॥

●

शान्तिपाठ

सबै सत्सङ्ग आदि कार्यक्रमहरूको अन्त्यमा सर्वत्र शान्तिको कामना गर्दै निम्नलिखित वेदमन्त्रको पाठ सामूहिक रूपमा गर्नुपर्दछ :

ओ३म् द्यौः शान्तिरन्तरिक्ष ँ शान्तिः पृथिवी शान्तिरापः
शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म
शान्तिः सर्व ँ शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥
यजुर्वेद ३६।२७

ओ३म् शान्तिः । ओ३म् शान्तिः । ओ३म् शान्तिः ॥

●●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही भजनहरू

१. यज्ञ प्रार्थना

यज्ञरूप प्रभो ! सबैको भावना उज्ज्वल बनोस् ।
दोष दुर्गुण दूर हुन् सब, आत्मबल नव प्राप्त होस् ॥
वेदमन्त्र मिलि गाऔं सबले, सत्यव्रतधारी बनौं ।
धर्म मर्यादा चलाई, सर्व उपकारी बनौं ॥
देवयज्ञ गरौं गराऔं, अश्वमेधादिक अरू ।
बुद्धि बलले हुन् सुमण्डित, सारा नारी नरहरू ॥
भक्ति श्रद्धा युक्त भैकन, यज्ञ हामी सब गरौं ।
रोगले सन्तप्त जगको, शोक र सन्ताप हरौं ॥
मेटियून् सब भावनाहरू, पाप अत्याचारका ।
पूर्ण हुन् शुभकामनाहरू, यज्ञले संसारका ॥
प्राणधारी हेतु यज्ञ, लाभकारी होस् सदा ।
यज्ञकै शुभ गन्धपूर्ण वायु जल हुन् सर्वदा ॥
अन्न ओषधि फूल फल सब, रोगहारी भैकन ।
धान्य धनले पूर्ण सबको, स्वर्गमय होस् जीवन ॥
स्वार्थपन सब त्यागी निशिदिन, प्रेमपथगामी बनौं ।
इदन्न मम का भावनाले, पूर्ण सब हामी बनौं ॥
प्रेमरसमा मग्न भै नित, वन्दना यो गर्दछौं ।
नाथ करुणाकन्द प्रभुको, शरण हामी पर्दछौं ॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ईशस्तुति पद्य

नमस्ते सते ते जगत्कारणाय, नमस्ते चिते सर्वलोकाश्रयाय ।
नमोऽद्वैततत्त्वाय मुक्तिप्रदाय, नमो ब्रह्मणे व्यापिने शाश्वताय ॥१॥

त्वमेकं शरण्यं त्वमेकं वरेण्यं, त्वमेकं जगद्धारकं स्वप्रकाशम् ।
त्वमेकं जगत्कर्तृपातृप्रहर्तृ, त्वमेकं परं निश्चलं निर्विकल्पम् ॥२॥

भयानां भयं भीषणं भीषणानां, गतिः प्राणिनां पावनं पावनानाम् ।
महोच्चैः पदानां नियन्तृत्वमेकं, परेषां परं रक्षणं रक्षणानाम् ॥३॥

वयं त्वां स्मरामो वयं त्वां भजामो, वयं त्वां जगत्साक्षिरूपं नमामः ।
सदेकं निधानं निरालम्बमीशं, भवाम्भोधिपोतं शरण्यं व्रजामः ॥४॥

विदुर्यन्न चित्तेन्द्रियाणीन्द्रियेशं, विजानाति यस्तानि नित्यं नियन्ता ।
जगत्साक्षिणं व्यापकं विश्ववन्द्यं, चिदानन्दरूपं तमीशं प्रपद्ये ॥५॥

अणोरप्यणीयान् महद्भ्यो महीयान्, रवीन्दुग्रहैर्यो भगोलादिकर्त्ता ।
य ईशो हि सृष्टयादिमध्यान्तसंस्थश्चिदानन्दरूपं तमीशं प्रपद्ये ॥६॥

यतो जायते विश्वमेतत्समस्तं, स्थितं यत्र यस्मिल्लयं याति काले ।
अनादिं विभुं चादिमध्यान्तशून्यं, चिदानन्दरूपं तमीशं प्रपद्ये ॥७॥

वशे यस्य विश्वं समस्तं सदास्ते, यदाभासतो भाति यद्वै विचित्रम् ।
न जानन्ति यं तत्त्वतो योगिनोऽपि, चिदानन्दरूपं तमीशं प्रपद्ये ॥८॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाव

त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धुश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविणं त्वमेव, त्वमेव सर्वं मम देव देव ॥

सर्वे भवन्तु सुखिनः, सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु, मा कश्चिद् दुःखभाग्भवेत् ॥

हे ईश सबै सुखी हुन्, कोही न हुन् दुःखारी ।
सब हुन् निरोग भगवन्, धनधान्यका भण्डारी ॥
सब भद्रभाव देखून्, सन्मार्गका पथिक हुन् ।
दुःखी न कोही होऊन्, सृष्टिमा प्राणधारी ॥

●

वीर आर्य जाति

वीर जाति आर्य हौं हामी, संसारलाई आर्य बनाऔं ।
हाम्रो प्यारो ओ३म्को झण्डा, हिमाल झैं उच्च बनाऔं ॥
गण्डकी कोशी कर्णाली, लेक र वेशी तराई ।
हिमाली माटोमा मिलेर हामी, संसार भरमा चिनाई ॥
विश्वको अग्लो हिमालमा, वैदिक छाप बसाऔं ।
हृदयले नै प्यार गरी, मातृभूमिलाई हसाऔं ॥
पहाडी झर्नाको गीत सुनी, प्रगति पथमा लम्किऔं ।
हिमाली देशमा वैदिक भेषमा, नौलख तारा झैं चम्किऔं ॥
वीर जाति .... ॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जवानीको शक्ति छँदा

जवानीको शक्ति छँदा, ऐश्वर्यले पूर्ण हुँदा ।
धर्मकर्म ईश्वरमाथि, मलाई विश्वास लाग्दैनथ्यो ॥

प्रभुभक्तहरू यदि, प्रभुभक्ति गर्थे भने,
वृथा कर्म सम्झी मैलै, निन्दा उनको सधैं गरें ।
ऐश्वर्यको घमण्ड थ्यो, जवानीको उमङ्ग थ्यो,
जीवन अन्त्य हुन्छ भन्ने शङ्का पनि हुँदैन थ्यो ॥
जवानीको शक्ति छँदा, ऐश्वर्यले पूर्ण हुँदा ।
धर्मकर्म ईश्वरमाथि, मलाई विश्वास लाग्दैनथ्यो ॥

समयको चक्र घुम्यो, सम्पत्तिको मूल सुक्यो,
शरीरको ढाँचा बिग्रयो, जवानीले धोका दियो ।
सङ्गीसाथीहरू पनि, टाढा टाढा हुन लागे,
भाइ बन्धुहरू पनि, अब हेलाँ गर्न थाले ॥
जवानीको शक्ति छँदा, ऐश्वर्यले पूर्ण हुँदा ।
धर्मकर्म ईश्वरमाथि, मलाई विश्वास लाग्दैनथ्यो ॥

वृद्धताले चारैतिर, पासो थापिसकेपछि,
जीवनरूपी सदनमा, आगो सल्किसकेपछि ।
वृथा सम्झिएका कर्म, अब प्यारा लाग्न थाले,
अदृश्यको अस्तित्वमा, मेरा विश्वास जाग्न थाले ॥
जवानीको शक्ति छँदा, ऐश्वर्यले पूर्ण हुँदा ।
धर्मकर्म ईश्वरमाथि, मलाई विश्वास लाग्दैनथ्यो ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कस्तो हो यो विडम्बना, शरीरमा शक्ति छँदा,
धनधान्य पूर्ण हुँदा, समयले साथ दिंदा ।
पापी मन कता कता, विषयमा भुली जाने,
सबै खाली भएपछि, प्रभुतिर चासो लिने ॥

जवानीको शक्ति छँदा, ऐश्वर्यले पूर्ण हुँदा ।
धर्मकर्म ईश्वरमाथि, मलाई विश्वास लाग्दैनथ्यो ॥

अब अन्त्य समयमा, पछुताई हुने के छ,
समयको अभावमा, अब मैले गर्नु के छ ।
जीवनकाल सक्यो जब, तब बाँच्ने ढङ्ग आयो,
गाडी छुटिसकेपछि, यात्री अब पछुतायो ॥

जवानीको शक्ति छँदा, ऐश्वर्यले पूर्ण हुँदा ।
धर्मकर्म ईश्वरमाथि, मलाई विश्वास लाग्दैनथ्यो ॥

●

विश्व उद्यानमा फुलोस्, फेरि आर्य परम्परा ।
वेदका दिव्य ज्योतिले, उज्याली हुन् वसुन्धरा ॥
सत्यं हो वेदको रूप, शिवं हो वेदको प्रभा ।
सुन्दरं वेद सौन्दर्य, सच्चिदानन्दको छटा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे विश्वका विधाता !

हे विश्वका विधाता ! दर्शन म गर्न पाऊँ ।
तिमी एक सृष्टि कर्ता, कसको शरण म जाऊँ ॥

तिमी निर्विकार निराकार व्यापक दिशा दिशामा,
सर्वत्र वास गर्छौ, जगको कुना कुनामा ।
पालक विवेकी नायक, सब प्राणधारीहरूमा,
कल्याणकारी स्वामी, तिमी छौ अणु अणुमा ।
सृष्टि स्थिति र प्रलय, तिम्रै अधीन छ सारा ॥
हे विश्वका विधाता ! .... ॥

ग्रह चन्द्र सूर्य तारा, पृथिवी पहाड सारा,
आकाश अग्नि वायु, जल मेघ प्राणधारा ।
चौरासी लाख प्राणी, वृक्षादि मूल सुवास,
दिनरात वर्ष महिना, ऋतु वार अयन प्रकाश ।
रक्षक हितैषी सबका, पिता दया म पाऊँ ॥
हे विश्वका विधाता ! .... ॥

जपी ओ३म् नाम तिम्रो, सुख शान्ति बाँच्न पाऊँ,
पढी वेद ज्ञान तिम्रै, गुणगान नित्य गाऊँ ।
प्यारा परम पितामा, यो मन सधैं लगाऊँ,
सन्ध्या हवन गरी सधैं, घर स्वर्ग झैं बनाऊँ ।
तिम्रै पदार्थ सारा, तिमीलाई म के चढाऊँ ॥
हे विश्वका विधाता ! .... ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रभु मन्दिरका सेवक हामी

प्रभु मन्दिरका सेवक हामी, जीवन सार्थक पारौं ।
जन मानसमा ईश भक्तिको, उज्ज्वल दीपक बालौं ॥

बस्ती बस्ती नगर नगर औ, गाउँ गाउँमा पुग्दै ।
सत्य धर्म औ सेवा व्रतका, किरण सुनौला छर्दै ॥

बढ्दै जाऔं नाम प्रभुको, लिई अमोघ सहारा ।
समाज हितकै निम्ति निरन्तर, बहोस् जीवन धारा ॥

धन पद यौवन मान प्रतिष्ठा, बाधक बन्न नपाओस् ।
प्रभु प्रेमकै सरस साधना, पाई हृदय रमाओस् ॥

विघ्नहरू जति बर्सून् नडगी, अघि अघि बढ्दै जाऔं ।
दुःख सुखमा प्रभु प्रसाद कै पावन भाव सजाऔं ॥

कर्म योगको अटल धारणा, मनमा हरदम राखौं ।
कदम कदममा जीवन मधुको, अति सरस माधुरी चाखौं ॥

अधर्म वा अन्याय भएमा, साहस साथ हटाऔं ।
न्याय अहिंसा समता निम्ति, जीवन भेटी चढाऔं ॥

अभय धैर्य औ सात्विकताको, सुन्दर सङ्गम बन्दै ।
बढौं धर्मको निर्भय पथमा, सबतिर आभा छर्दै ॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान्को कृपा

तिमीमाथि गरेको छ भगवान्ले कृपा धेर ।
कृपालुको भजन विना, जीवन किन फाल्छौ ॥

शुभ कर्म सञ्चित हुँदा, मनुष्यको चोला मिल्यो ।
सत्कर्मका प्रभावले, सुखको यो फूल फुल्यो ॥
ऐश्वर्यमा फूल फल, संसारको फल चाख ।
सबै छोडी जानु पर्ने, यसलाई पनि ध्यान राख ॥
तिमीमाथि .... ॥

यौवन र ऐश्वर्यको, घमण्डले नफूल है ।
क्षणभरमै ओइलाउनेछन्, फुलेका फूल झैं सबै ॥
सम्पत्ति र शक्ति तिम्रा, सपना कै सरि होलान् ।
शुभकर्महरू मात्र, वासना झैं फैली जालान् ॥
तिमीमाथि .... ॥

गर्नुपर्ने गरी हाल, भोलि भन्ने बानी छोड ।
समय र शक्ति छँदै, प्रभुसँग नाता जोड ॥
चार दिनको जीवनमा, गएको दिन फर्किंदैन ।
शक्ति क्षीण भएपछि, केही पनि हुनेछैन ॥
तिमीमाथि .... ॥

ऐश्वर्यमा मस्त भई, प्रभुलाई भुल्छौ किन ।
आफ्नो भुल सुधार है, यस्तै हुन्नन् सबै दिन ॥
प्रचण्ड त्यो सूर्य हेर, मन्द हुन्छ सायंकाल ।
संसारको गति हेरी, बदल है आफ्नो चाल ॥
तिमीमाथि .... ॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेरो नभनौं

मेरो नभनौं, मेरो नभनौं, प्रभुको यो सृष्टिलाई मेरो नभनौं ।
मेरो नभनौं, मेरो नभनौं, दुई दिनको जीवनलाई मेरो नभनौं ॥

कर्कलाको पानी जस्तो मानिसको चोला,
थाहा छैन कसैलाई भोलि के के होला ।
सत्य व्यवहार गर्न भनी, मानव जन्म पायौं,
सत्य कुरा नबुझेर, जीवन खेर फाल्यौं ॥
खेर नफालौं खेर नफालौं उत्तम यो जीवनलाई खेर नफालौं ॥
मेरो नभनौं .... ॥

जन्मेपछि मर्नुपर्ने सबलाई थाहा हुन्छ,
अजम्बरी भइरहने संसारमा को छ ?
तेरो मेरो भनी व्यर्थ द्वेष हामी गर्छौं,
ईश्वरको सृष्टिभित्र खेलवाड गर्छौं ॥
खेर नफालौं खेर नफालौं उत्तम यो जीवनलाई खेर नफालौं ॥
मेरो नभनौं .... ॥

ऋषि मुनि योगी धनी पण्डित र ज्ञानी,
राजा मन्त्री हाकिमहरू सज्जन र ध्यानी ।
धन दौलत हीरा मोती उनका कति थिए,
साथ केही लान नपाई खाली हात गए ॥
खेर नफालौं खेर नफालौं उत्तम यो जीवनलाई खेर नफालौं ॥
मेरो नभनौं .... ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इष्ट मित्र भाइ बन्धु छोरा नाति यस्तै,
बाँचुन्जेल अलमल्याउने माया जाल मात्रै ।
मेरो शरीर मेरो धन खेत बारी राम्रो,
मरेपछि साथ जाने के छ र खोइ हाम्रो ?
खेर नफालौं खेर नफालौं उत्तम यो जीवनलाई खेर नफालौं ॥
मेरो नभनौं .... ॥

●

कर्मको महिमा

मिलीजुली समरस भईकन, उरमा कोमल भाव भरी,
दृढ भई तिमीले कर्म गर, जीवन ज्योति तेज गरी ।
दु:खले पीडित दु:खिया जनमा, देऊ आफ्नो तन मन धन,
यही हो तिम्रो सच्चा जीवन, यही हो प्रभुको पूजन अर्चन ॥
ऊँच नीचको भेद भावना, विषको कीरो जान तिमी,
चुस्दछ यसले राष्ट्रपुरुषको गौरव गरिमा मान तिमी ।
जन जीवनमा समता हुन्न कलुषित सारै बन्दछ मन,
भेद भावले मातृभूमिको पार्दछ खण्डित जीवनधन ॥
मातृभूमिका सन्तति हामी सबै बराबरी प्यारा छौं,
यिनको सुन्दर महिमा मन्दिर, जगमग जगमग पार्दछौं ।
हामी जुटेमा मातृभूमिको, कीर्ति वैभव बढ्नेछ,
हामी फुटेमा यिनको सारा, पावन महिमा घट्नेछ ॥
मिलीजुली समरस भईकन उरमा कोमल भाव भरी ।
दृढ भई तिमीले कर्म गर, जीवन ज्योति तेज गरी ॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राणीको रक्षा गरौं

विवेकी बुद्धिमानी जन नगर्नू घात प्राणीको,
नगर्नू नाश सिर्जन यो, प्रभुको फूलवारी हो ॥

बगैंचा विश्व हो सुन्दर, प्रभु हुन् उनै स्वामी,
अनेकौं रङ्गले रमझम, सजेका फूल हुन् प्राणी ।
कुनै छन् कोपिला मात्रै, कुनै छन् फुल्न लागेका,
कुनै छन् पूर्ण फक्रेका, खुसीले नाचिराखेका ॥

विवेकी .... ॥

अनेकौं जन्मका उत्तम, सफल संस्कारले गर्दा,
मिल्यो मानवको यो चोला, अनेकौं पुण्यले गर्दा ।
नबिसौं यो कुरा हामी, गरौं सत्कर्मको ध्यान,
बचाऔं प्राणीको जीवन, दिई अभय दान सम्मान ॥

विवेकी .... ॥

विवश ती मूक प्राणीको, पुछौं आँसु दया गर्दै,
सबै बाँचून् सबै नाचून्, गरौं सेवा अघि सर्दै ।
पशु वा पक्षीले गर्छन्, भलाइ लोकको हरदम,
प्रयोजनहीन ती छैनन्, प्रभुका हुन् सबै सर्गम् ॥

विवेकी .... ॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इनसान (हिन्दी)

किसी के काम जो आए, उसे इनसान कहते हैं ।
पराया दर्द अपनाए, उसे इनसान कहते हैं ॥

कभी धनवान् है कितना, कभी इनसान निर्धन है,
कभी सुख है कभी दुःख है, इसी का नाम जीवन है ।
जो दुःख मे भी न घबराए, उसे इनसान कहते हैं ॥
किसी के काम .... ॥

यह दुनियाँ उलझन है, कभी धोखा कभी ठोकर,
कोई हँस हँस के जीता है, कोई जीता है रो रो कर ।
जो गिर कर सँभल जाए, उसे इनसान कहते हैं ॥
किसी के काम .... ॥

अगर गलती रुलाती है, तो यह राह भी दिखाती है,
बशर गलती का पुतला है, वो अक्सर हो ही जाती है ।
जो गलती करके पछताए, उसे इनसान कहते हैं ॥
किसी के काम .... ॥

अकेले हो जो खा खा कर सदा गुजरान करते हैं,
यूँ भरने को तो दुनियाँ में, पशु भी पेट भरते हैं ।
पथिक जो बाँट कर खाए, उसे इनसान कहते हैं ॥
किसी के काम .... ॥

●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्म समर्पण (हिन्दी)

अब सौंप दिया इस जीवन का, सब भार तुम्हारे हाथों में ।
है हार तुम्हारे हाथों में, उपहार तुम्हारे हाथों में ॥

मेरा निश्चय है एक यही, इक बार तुम्हें पा जाऊँ मैं ।
अर्पण कर दूँ जगती भर का, सब प्यार तुम्हारे हाथों में ॥१॥
अब सौंप दिया .... ॥

या तो मैं जग से दूर रहूँ, और जग में रहूँ तो ऐसे रहूँ ।
इस पार तुम्हारे हाथो में, उस पार तुम्हारे हाथों में ॥२॥
अब सौंप दिया .... ॥

यदि मानुष ही मुझे जन्म मिले, तब तव चरणों का पुजारी रहूँ ।
मुझ सेवक की इक इक रगका, हो तार तुम्हारे हाथों में ॥३॥
अब सौंप दिया .... ॥

जब जब संसार का बन्दी बन, दरबार मे तेरे आऊँ मैं ।
हो मेरो कर्मों का निर्णय, सरकार तुम्हारे हाथों में ॥४॥
अब सौंप दिया .... ॥

मुझ में तुम में है भेद बडा, मैं नर हूँ तुम नारायण हो ।
मैं हूँ संसार के हाथों में, संसार तुम्हारे हाथों में ॥५॥
अब सौंप दिया .... ॥

●●●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यज्ञरहस्य

प्रस्तावना

छान्दोग्योपनिषद्मा भनिएको छ :

स य इदमविद्वानग्निहोत्रं जुहोति यथाङ्गरानपोह्य भस्मनि जुहुयात्तादृक्तत्स्यात् ॥ छान्दोग्योपनिषद् ५।२४।१

जसले नवुझीकन अग्निहोत्र गर्दछ त्यसको यज्ञ प्रज्वलित अग्निलाई पन्छाएर भस्ममा आहुति दिएजस्तै हुन्छ ।

हिजोआज भैरहेका यज्ञ प्रायः यस्तै छन् । मन्त्रहरूको उच्चारण भ्रष्ट (अशुद्ध) छ । यज्ञ गराइरहेको बीस, तीस वा अझ वढी वर्ष भैसक्दा पनि मन्त्रहरूको शुद्ध उच्चारण सिक्ने प्रयत्न नै गरेको पाइँदैन । गायत्री मन्त्रको उच्चारणमा समेत अनेकौं अशुद्धि गर्दछन् ।

मन्त्रहरूको अर्थ आउँदैन, सिक्ने वा जान्ने प्रयत्न नै गर्दैनन् । उलटपुलट युक्ति र तर्क गर्दछन् । बालकले तोतेबोलीमा बोलेको राम्रो लाग्दछ, तर बालक दस वर्षको भएपछि पनि उसले रोटीलाई लोती भन्यो भने आमाबाबु खुसी हुँदैनन्, बरु चिन्तित हुन्छन् । तपाईं कहिलेसम्म तोतेबोली बोल्नुहुन्छ ?

कुनै विद्वान्का चरणमा वसेर मन्त्रहरूको शुद्ध उच्चारण सिक्नुहोस् । मन्त्रहरूको अर्थ वुझ्नुहोस्, शिक्षालाई जीवनमा अपनाउनुहोस् । यज्ञ गर्दा गर्दा स्वयं सच्चा याज्ञिक र अग्निहोत्री बन्नुहोस् । तपाईंको आत्मज्योति जाग्रत होओस्, तपाईंको जीवनवाट शुभगुणहरूको सुगन्ध फैलियोस् ।

यहाँ यज्ञका सम्वन्धमा केही महत्त्वपूर्ण जानकारी दिनुका साथै अनेकौं क्रियाहरूका रहस्यको उद्घाटन भएको छ । यसको अध्ययनवाट अनेकौं त्रुटिहरू हटेर यज्ञका प्रक्रियाहरूको जानकारी प्राप्त हुनेछ । पढ्नुहोस्, वुझ्नुहोस् र व्यवहारमा उतार्नुहोस् ।

विदुषामनुचरः
जगदीश्वरानन्द सरस्वती

वेदमन्दिर, ज्वालापुर
हरिद्वार (उत्तराञ्चल)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यज्ञरहस्य

यज्ञको आरम्भ कहाँबाट ?

यज्ञको आरम्भ कहाँबाट गर्ने ? आचमनबाट वा ईश्वरस्तुति प्रार्थनोपासनाबाट ? हिजोआज एउटा नयाँ चलन चलेको छ । यज्ञ गर्नेहरू र गराउनेहरू सर्वप्रथम गायत्रीमन्त्रको गान गर्दछन् । त्यस गानमा न कुनै स्वर हुने गर्दछ, न ताल । ती आरम्भमा 'ओमभूर्भुवः स्वः' उच्चारण गर्दछन् । अनि यसको अर्थ पद्यमा बोल्दछन् । यो परिपाटी त्याज्य छ ।

अनेकौं पुरोहित र विद्वान्‌हरू सर्वप्रथम ईश्वरस्तुतिप्रार्थनोपासना, स्वस्तिवाचन र शान्तिकरणको पाठ गरेपछि आचमन, अङ्गस्पर्श आदि गर्दछन्, गराउँछन् । यो प्रकार पनि अशुद्ध हो । 'आचानान्तेन कर्म कुर्यात्' अर्थात् आचमनपछि यज्ञ आरम्भ गर्नुपर्दछ । यस शास्त्रीय वचन अनुसार सर्वप्रथम आचमन गर्नुपर्दछ ।

सबैभन्दा ठूला याज्ञिकसम्राट् याज्ञवल्क्यले लेखेका छन् :

अमेध्यो वै पुरुषो यदनृतं वदति ...मेध्या वा आपो ...तस्माद्वा अप उपस्पृशति ॥

शतपथ ब्रह्मण १।१।१।१॥

मानिसले झुटो बोल्दछ, त्यसकारण मानिस अपवित्र हुन्छ । जल पवित्र हुन्छ, यसकारण पवित्र हुनका लागि मानिसले सर्वप्रथम आचमन गर्दछ । ('उपस्पृशति'को अर्थ पाश्चात्य व्यक्तिहरू र तिनकी अन्धानुकरण गर्नेहरूले 'पानीलाई छुन्छ' भन्ने अर्थ गरेका छन् । यो अशुद्ध अर्थ हो । उपस्पृशतिको शुद्ध अर्थ 'आचमन गर्दछ' भन्ने हो ।)

यज्ञको क्रम यस्तो हुनुपर्दछ : बृहद् यज्ञहरूमा र संस्कारहरूमा जहाँ पुरोहित आदिको आवश्यकता हुन्छ, त्यहाँ सर्वप्रथम ऋत्विक् वरण गर्नुपर्दछ । त्यसपछि आचमन, अङ्गस्पर्श गरिन्छ । यति कर्म गरेपछि ईश्वरस्तुतिप्रार्थनोपासना, स्वस्तिवाचन र शान्तिकरणको पाठ गर्नुपर्दछ ।

संस्कारविधिमा क्रम दिइएको छैन । त्यहाँ ईश्वरस्तुतिप्रार्थनोपासना, स्वस्तिवाचन र शान्तिकरणलाई बारम्बार लेखिरहन नपरोस् भनेर एकैपल्ट लेखिएको हो । संस्कारविधिमा शान्तिकरणको अन्त्यमा एउटा टिप्पणी पनि छ : 'जहाँजहाँ प्रतीक राखिएको छ त्यहाँ त्यहाँ स्वस्तिवाचन र शान्तिकरण गर्नुपर्दछ ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यज्ञ ब्रह्माण्डको अनुकरण हो

यज्ञ ब्रह्माण्डको अनुकृति वा नक्कल हो । ब्रह्माण्डमा यज्ञ भैरहेको छ । परमात्माको यज्ञ निरन्तर चलिरहेको छ । अतः परमात्माका अमृतमय सन्तानहरूले पनि यज्ञ गर्नुपर्दछ ।

स्तुतिप्रार्थनोपासना आदि गरेपछि 'ओं भूर्भुवः स्वः' यस मन्त्रको उच्चारण गरेर दियो बाल्नुपर्दछ । यस मन्त्रको अर्थ हो : अब हामी सृष्टिविद्याको वर्णन गर्न थाल्दछौं । यो 'भूः' पृथिवीलोक, 'भुवः' अन्तरिक्षलोक र 'स्वः' आदित्यलोक (द्युलोक) कसरी बने ?

यज्ञकुण्डमा तीन मेखला हुन्छन् । तीन लोक हुने हुनाले मेखला पनि तीन राखिएका हुन् । यी मेखलाहरू पाँच पाँच अम्मल चौडा र अग्ला हुन्छन् । आकाश आदि भूत पाँच नै हुने हुँदा मेखला पनि पाँच नै हुने गर्दछन् । पछि गएर आठआठ अम्मलका तीन समिधा चढाइन्छन् । आठ वसु हुने हुनाले समिधा पनि आठआठ अम्मलका राखिएका हुन् भने तीन लोक हुने हुनाले समिधा पनि तीन नै हुन्छन् ।

दियो बाल्ने सन्दर्भमा ऋषि दयानन्दले लेख्नुभएको छ :

'ब्राह्मण, क्षत्रिय वा वैश्यको घरबाट आगो ल्याएर वा घ्यूको दियो सल्काएर' आदि ।

यस सन्दर्भमा यज्ञका प्रक्रियाहरूबारे राम्ररी नबुझेका केही व्यक्तिहरूले एउटा आपत्ति गर्दछन् । उनीहरूका विचारमा स्वामीजी शूद्रहरूसँग यति धेरै घृणा गर्दथे कि उनका घरबाट आगो ल्याउन पनि लेखेनन् । यस्ता व्यक्तिहरू कुन कुराको हेक्का राख्न सक्दा रहेनछन् भने ऋषि दयानन्द त उन्नाइसौं शताब्दीका यस्ता पहिलो महापुरुष हुनुभयो जसले छुवाछूतको विरोध गरेर वेदको पठनपाठनको द्वार सबैका लागि खोल्नुभएको थियो । यसकारण उहाँमाथि यो सर्वथा निराधार आक्षेप हो ।

वस्तुतः यहाँ जुन आगो ल्याउन भनिएको हो, त्यो चुलोको आगो होइन । त्यो आगो त यज्ञको आगो हो र त्यो पनि त्यस्तो आगो हो जुन आगो यज्ञकुण्डमा चौबिसैं घण्टा विद्यमान रहन्छ र कहिल्यै निभ्दैन । अनि शूद्र भनेको त्यो हो जसलाई पढाउँदा पनि विद्या प्राप्त गर्न सक्तैन । त्यसको घरमा यज्ञ हुँदै हुँदैन । अनि त्यहाँबाट यज्ञका लागि आगो ल्याउने प्रश्नै उठ्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चार मन्त्रबाट तीन समिधा

यज्ञ गर्दा चार मन्त्रहरूबाट तीन समिधा चढाउने विधान छ। 'अयन्त इध्म आत्मा' इत्यादि मन्त्रबाट पहिलो समिधा, 'समिधाग्निम्' र 'सुसमिद्धाय शोचिषे' आदि दुई मन्त्रबाट दोस्रो समिधा र 'तन्त्वा समिद्भिरङ्गिरो' आदि मन्त्रबाट तेस्रो समिधा।

यस सन्दर्भमा विशेष कुरा के छ भने दोस्रो समिधाका लागि उच्चारण गर्ने पहिलो मन्त्र 'समिधाग्निम्'देखि लिएर 'जुहोतन स्वाहा। इदमग्नये इदन्न मम' सम्मको मन्त्र र 'सुसमिद्धाय.' यस मन्त्रबाट अर्थात् दुवैमन्त्रबाट दोस्रो आहुति दिनुपर्ने भन्ने महर्षिको स्पष्ट आदेश छ।

यस सन्दर्भमा अधिकांश पुरोहित र विद्वान्हरूले (दोस्रो समिधाका लागि उच्चारण गरिने पहिलो मन्त्रको) जुहोतन पछि 'स्वाहा' र 'इदमग्नये इदन्न मम' उच्चारण गर्न छोडिदिएका छन्। यहाँ यज्ञ गर्ने र गराउनेहरूको के आपत्ति देखिन्छ भने आहुति दिनु नपर्ने भएपछि किन 'स्वाहा' आदिको उच्चारण गर्नुपऱ्यो र ? यसको समाधान यस्तो छ :

हाम्रा आचार्य महर्षि दयानन्द सरस्वती हुनुहुन्छ। यसकारण उहाँले जे लेख्नुभएको छ, त्यो नै उचित हो र हामीले त्यस्तै गर्नुपर्दछ। यदि महर्षिको इच्छा यस मन्त्रमा 'स्वाहा। इदमग्नये इदन्न मम' यति भाग वोल्नुपर्दैन भन्ने भएको भए ऋषि दयानन्दले त्यस्तै निर्देश गर्नुहुन्थ्यो होला। स्वामीजीले त्यस्तो कुनै निर्देश दिनुभएको छैन। अतः दुवै मन्त्रलाई सम्पूर्ण उच्चारण गरेर नै आहुति दिनुपर्दछ। (यदि उक्त मन्त्रको उक्त भाग उच्चारण गर्नु नपर्ने भन्ने महर्षिको मनसाय भएको भए विधिमा जति उच्चारण गर्नुपर्ने हो त्यति मात्र लेख्नुहुन्थ्यो। अन्यत्र पनि कुनै मन्त्रलाई आंशिक रूपमा मात्र उच्चारण गर्नुपर्ने विधान भएका ठाउँमा जति उच्चारण गर्नुपर्ने हो त्यति मात्र दिइएको पाइन्छ। यस कारण पनि उक्त दुवै मन्त्र सम्पूर्ण उच्चारण गर्नुपर्ने महर्षिको मनसाय बुझ्न सकिन्छ।)

वस्तुतः 'स्वाहा'को उच्चारण भएका ठाउँमा आहुति दिनुपर्दछ भन्ने भ्रमका कारण उपर्युक्त अवस्था आएको हो। स्वाहा शब्दको ठीक ठीक अर्थ नबुझेका कारण यस्तो भ्रम सिर्जना भएको हो। स्वाहाको अर्थ हो :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. स्वाहा : सु आ हा । आफ्नो 'सु' उत्तम वस्तुहरूलाई, 'आ' पूर्ण रूपमा, 'हा' त्याग गर्नु । यज्ञमा डालडा आदि अशुद्ध घ्यू होइन, शुद्ध घ्यू चाहिन्छ । गाईको घ्यू भएमा अझ उत्तम । समग्री (चरु) पनि उत्तम हुनुपर्दछ । हिजोआज पन्ध्र बीस रुपियाँ प्रतिकिलोमा पाइने हवन सामग्रीमा जाइफल, जायपत्री, ल्वाङ्ग, गुग्गल, लोहबाण आदि कसले हाल्दछ र ? यज्ञपात्र पनि चम्किला हुनुपर्दछ । आसनहरू पनि उत्तम हुनुपर्दछ । यज्ञ गर्ने र गराउनेले लगाउने वस्त्र पनि पाइन्ट आदि नभएर यज्ञका लागि सुहाउँदो हुनुपर्दछ ।

२.स्वाहाको अर्थ हो सु आह सु उत्तम आह भन्नु अर्थात् मीठो बोल्नु, प्रिय र हितकर बोल्नु, तितो वा पिरो नबोल्नु ।

३.स्वाहा 'स्वंप्रति आह' आफैंलाई भन्नु, आत्मनिरीक्षण गर्नु, आत्मचिन्तन गर्नु । म को हुँ, कहाँबाट आएको हुँ, कहाँ जानु छ ? आदि शाश्वत प्रश्नमाथि विचार गर्नु ।

४. स्वाहाको अर्थ आहुति दिनु पनि हो । केवल आहुति दिनु मात्र चाहिं होइन । स्वाहा शब्दका अनेकौं अर्थमध्ये आहुति दिनु पनि एउटा अर्थ हो । म जे गर्दैछु विचारपूर्वक ठीकठीक गर्दैछु ।

यज्ञ ब्रह्माण्डको अनुकृति हो । द्युलोकका अभिमानी देवता (जड देवता) सूर्य हो । पृथिवीलोकको देवता अग्नि हो । अन्तरिक्षलोकका दुई देवता छन् : विद्युत् र वायु । दुई देवताका कारण दोस्रो समिधाका लागि दुई मन्त्रको विधान हो ।

यज्ञ तीन आश्रमहरूमा गरिन्छ : ब्रह्मचर्यमा, गृहस्थमा र वानप्रस्थमा । संन्यासी यज्ञबाट मुक्त हुन्छ । ब्रह्मचारी एक्लो हुन्छ । वानप्रस्थ पनि अपवादबाहेक एक्लो नै हुन्छ । गृहस्थमा पतिपत्नी दुई हुन्छन् । यस कारण पनि दोस्रो समिधाका लागि दुई मन्त्रको विधान हो ।

दुई मन्त्रबाट एउटा आहुति दिनुपर्ने विधानको एउटा अर्को कारण पनि छ । अग्नि तीन प्रकारको हुन्छ : इद्ध, समिद्ध र सुसमिद्ध । इद्ध अग्नि त्यस्तो अग्नि हो जुन निकै कम बलिरहेको हुन्छ, धुआँ पनि आइरहेको हुन्छ । यस्तो अग्निमा आहुति दिंदा त्यो आहुति इदमग्नये इदन्न मम केवल पृथिवीलोकमा नै रहन्छ । समिद्ध त्यस्तो अग्नि हो जसमा धुआँ छैन, इद्धभन्दा निकै बढी बलिरहेको हुन्छ । यस्तो अग्निमा आहुति दिनाले त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आहुति इदमग्नये जातवेदसे इदन्न मम अन्तरिक्षलोकसम्म पुग्दछ । सुसमिद्ध त्यस्तो अग्नि हो जसमा काली कराली च मनोजवा च ज्वाला निस्किरहेका हुन्छन्, लप्का उठिरहेका हुन्छन्, अत्यन्त तीव्र र प्रचण्ड हुन्छ । यस्तो अग्निमा आहुति दिनाले ती अहुति 'इदमग्नयेऽङ्गिरसे इदन्न मम' द्युलोकसम्म पुग्दछन् ।

यदि दोस्रो मन्त्रमा 'स्वाहा इदमग्नये इदन्न मम' यति अंशलाई उच्चारण नगर्ने हो भने सबै क्रम भङ्ग हुन पुग्दछ ।

यी सबै कुरालाई लक्ष्यमा राखेर महर्षि दयानन्दले दुई मन्त्रबाट एक आहुतिको विधान गर्नुभएको हो । यो नै उचित पनि हो ।

यी तीन समिधा अङ्गुष्ठ (बुढी औंला)भन्दा बढी मोटा हुनु हुँदैन । यी आठआठ अम्मलका हुनुपर्दछ । आठ अम्मलभन्दा कम पनि होइन, बढी पनि होइन । यी समिधा आठ अम्मलकै हुनुपर्ने किन हो ? एउटा समाधान त आरम्भमा नै लेखिसकिएको छ । अर्को समाधान अध्यात्मका दृष्टिले यहाँ प्रस्तुत छ ।

समिधा यज्ञकुण्डभन्दा बाहिर रहेसम्म त्यसमा न त प्रकाश हुन्छ, न दाहक शक्ति नै हुन्छ । हात वा वस्त्रले छुँदा हातलाई पोल्ने वा वस्त्रलाई डढाउने हुँदैन । त्यही समिधा यज्ञकुण्डमा पुगेपछि त्यसमा प्रकाश हुन्छ, पोल्ने वा डढाउने शक्ति आउँछ, त्यो अग्नि बन्दछ । जसरी यी समिधालाई अग्निमा अर्पित गर्नाले ती चम्कन्छन् त्यसैगरी हामीले आठ गुणहरूलाई आफ्ना आत्मामा धारण गरेमा हाम्रो आत्मा पनि देदीप्यमान हुन्छ । त्यसमा प्रकाश, ओज र तेज आउँछ ।

'पुरुषो वाव यज्ञः' मानिस स्वयं एउटा यज्ञ हो । हाम्रो शरीर एउटा कुण्ड हो । त्यसमा आत्मारूपी ज्योति बलिरहेको छ । यस आत्मामा आठ गुणहरूको आधान गर्नुपर्दछ । आत्मालाई आठ गुणहरूले सम्पन्न पार्नुपर्दछ । आठ गुण यी हुन् :

अष्टौ गुणाः पुरुषं दीपयन्ति प्रज्ञा च कौल्यं च दमः श्रुतं च ।
पराक्रमश्चाबहुभाषिता च दानं यथाशक्ति कृतज्ञता च ॥ विदुरनीति

आठ गुण हुन्छन् जसले मानिसलाई प्रदीप्त पार्दछन् वा तेजस्वी बनाउँछन् र उसको यशलाई देशदेशान्तर तथा द्वीपद्वीपान्तरसम्म पुऱ्याइदिन्छन् । ती गुण हुन् :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. प्रज्ञा बुद्धि । बुद्धिर्यस्य वलं तस्य - जोसँग बुद्धि छ त्यससँग वल छ । बुद्धिले ससाना बालबालिकाले त्यस्ता काम गर्दछन् जसलाई ठूला ठूला मानिसले गर्न सक्तैनन् । बुद्धिको बलले मानिस आकाशमा उडिरहेको छ, पानीमा पौडिरहेको छ । मानिसले आफ्ना बुद्धिको कलाकौशलले पक्षीरूपी वायुयान र माछाजस्ता पनडुब्बी वनाएको छ । आफ्ना बुद्धिबलबाट मानिसले सिंहजस्ता पराक्रमी र हात्तीजस्ता विशालकाय प्राणीहरूलाई पनि वशीभूत गर्दछ । बुद्धि मानिसको पहिलो गुण हो जसले मानिसको चेतनामा चमक ल्याउँछ ।

२. कौल्यम् - कुलवाट पनि मानिस चम्कन्छ । कसैको परिचय गराउँदा 'यो स्वामी श्रद्धानन्दजीको नाति हो' अथवा 'यो भीमसेनी गाजलवालाको छोरा वा नाति हो' आदि भन्दा त्यस व्यक्तिप्रति श्रद्धा बढ्दछ । अतः कुलबाट पनि मानिसको कीर्ति हुन्छ, वढ्दछ । अर्कातिर मानिस साना कुलमा जन्मेर स्वयं पनि माथि उठ्दछ र आफ्नो कुलको कीर्तिलाई बढाउँछ । दानवीर कर्ण निम्न कुलमा उत्पन्न भएका थिए । नेपोलियन वोनापार्ट सानै कुलमा उत्पन्न भए र फ्रांसका राजा बने । डा. भीमराव अम्बेडकर सानै कुलमा उत्पन्न भएर भारतको संविधानका निर्माता वने ।

३. दमः चञ्चल मनलाई वशीभूत गर्नु । मन चञ्चल हुनाले अति नै यताउति दौडन्छ । कहिले हिमालयको चुचुरोमा पुग्दछ भने कहिले समुद्रको गहिराइलाई नाप्न थाल्दछ । कहिले लाखौं रुपियाँलाई ठोकर मार्दछ भने कहिले एक रुपियाँका लागि मरिमेट्छ । यो कहिले तोलाभरको हुन्छ भने कहिले मासाभर रहन्छ । यस्तो चञ्चल मनलाई आफ्नो नियन्त्रणमा राख्ने कामलाई नै दम भनिन्छ । यस मनलाई शिवसङ्कल्पमय बनाउनु पर्दछ । यसका लागि प्रभुसँग प्रार्थना गर्नुपर्दछ : तन्मे मनः शिवसङ्कल्पमस्तु अर्थात् मेरो मन शिवसङ्कल्पयुक्त होओस् । यो मन आफ्नो वशीभूत भयो भने ठूलाठूला भय र प्रलोभनले मानिसलाई पथभ्रष्ट गर्न वा आफ्नो मार्गबाट विचलित गर्न सक्तैनन् । महर्षि दयानन्दलाई हलाहल विष, ईंटपत्थरको वर्षा अनि लाखौंका सिंहासनका प्रलोभनहरूले उनको मार्गबाट पन्छाउन सकेनन् । यो दम अर्थात् मनको साधनाले पनि मानिसको कीर्तिलाई चारैतिर फैलाउने काम गर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. श्रुतम् : श्रुतम्को अर्थ हो : वेदादि शास्त्रलाई पढ्नु र सुन्नु । पढेर नै मानिस विद्वान् बन्दछ र सुन्दा सुन्दा मानिस बहुश्रुत अर्थात् धेरै कुरा बुझ्ने बन्दछ । वेदादि शास्त्रहरूका उपदेशलाई सुन्नु पनि पर्दछ । आर्य जगत्मा अनेकौं व्यक्ति सुनेर नै विद्वान् र उपदेशक बनेका छन् । दिल्लीको खारी बावलीस्थित नयाबाँस भन्ने ठाउँको आर्यसमाजका सेवक चन्दनसिंह (विद्वान्हरूका उपदेश सुनेर नै) महोपदेशक बन्न पुगे । यस्तै नयाँ दिल्लीको जनकपुरी क्षेत्रको बी ब्लकमा रहेको आर्यसमाजका सेवक जगमाल पछि पुरोहित भए । श्रुतम् ले पनि मानिसको कीर्तिलाई फिंजाउँछ । यसकारण (विद्वान्हरूका कुरा) खुब सुन्नुपर्दछ ।

५. पराक्रम : पराक्रमले पनि मानिसको यशलाई फैलाउँछ । कायर, भीरु, डरछेरुवा र दब्बु बन्नु हुँदैन । वीर, साहसी र पराक्रमशाली बन्नुपर्दछ । क्रान्तिकारीहरूका जीवनको अध्ययन गरौं त ! उनीहरू मृत्युलाई हत्केलामा राखेर हिंड्दथे । फाँसीमा चढ्नुभन्दा अघि अनेकौं क्रान्तिकारीहरूको शरीरको तौल बढेको पाइएको छ । श्री रामप्रसाद बिस्मिललाई फाँसी दिइनुभन्दा अघि उनीसँग उनको अन्तिम इच्छा सोध्दा उनले निर्भीकतापूर्वक भनेका थिए : क्ष धष्कज तजभ मयधल ाबर्ििया द्यचतष्कज ज्ञउष्चभ। अर्थात् म अंग्रेज राज्यको पतन भएको देख्न चाहन्छु । महाभारतमा भनिएको छ : तीक्ष्णो भव मृदुर्भव : कमलो हुनुपर्दछ तर साथसाथै प्रचण्ड पनि हुनुपर्दछ ।

६. अबहुभाषिता : बढी नबोल्नु । यस गुणले मानिसलाई चम्किलो बनाउँदछ । धेरै बोल्नाले शक्तिको क्षय हुने हुनाले धेरै बोल्नु हुँदैन । वेदमा भनिएको छ : मा नो निद्रा ईशत मोत जल्पि: - निद्रा अर्थात् बढी सुत्नु, जहिले पनि उँघनु र व्यर्थमा गफ गरिरहनु जस्ता दुर्गुणहरूले हामीमाथि शासन नगरून् । योगाभ्यासका साथसार्थ मौन धारण गर्ने व्यक्तिहरूलाई छिटो सफलता प्राप्त हुन्छ । कुनै समस्याको समाधान गर्नु छ भने केही बेर मौन भएर चिन्तन गर्नुहोस् । समस्याको छिटै समाधान निस्कनेछ ।

७. दानं यथाशक्ति: - आफ्नो सामर्थ्यअनुसार दान गर्नु । वेदमा भनिएको छ :

शतहस्त समाहर सहस्रहस्त संकिर । अथर्ववेद

अर्थात् हजार हातले कमाइ गर र सय हातले दान गर अर्थात् आफ्नो आयको दसौं भाग (दशांस) दान गर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तपाईं जति दान गर्नुहुन्छ त्यति नै दिग्दिगन्तरमा तपाईंको कीर्ति फैलिनेछ । तपाईं दान गर्नुहोस्, प्रभुले तपाईंलाई अरु थपिदिनुहुनेछ । माग्ने काम नगर, दिने काम गर । तपाईं पनि दानी बन्नुहोस् । तपाईं निरन्तर सम्पन्न हुनुहुनेछ ।

८. कृतज्ञता : यो आठौं गुण हो, जसले मानिसको कीर्तिलाई चारैतिर फैलाइदिन्छ । जडपदार्थ अर्थात् पहाड आदिले परोपकार गरिरहेका छन्, नदीहरू आफ्नो पानी आफैं पिउँदैनन्, गाई आदि पशुले आफ्नो दूध आफैं पिउँदैनन्, वृक्षहरूले आफ्ना फल वा फूललाई आफैं खाँदैनन् । यी सबै परोपकारमा नै लागिरहेका छन् । मानिस त आफूलाई सर्वश्रेष्ठ प्राणी मान्दछ । यसकारण मानिस त सबैभन्दा बढी परोपकारी हुनुपर्दछ । आफ्नो मात्र पेट भर्ने काम त काग, कुकुर र गधा जस्ता प्राणीहरूले पनि गरेकै हुन्छन् । आफ्नो पेट पाल्ने मात्र काम गरेमा त्यो कस्तो मानवता भयो र ? परोपकार गर्नुहोस् । धेरै परोपकार गर्न सक्नुहुन्न भने कमसेकम कृतघ्न नबन्नुहोस्, कम से कम कृतज्ञ त बन्नुहोस् अर्थात् कसैले आफूमाथि उपकार गरेको छ भने त्यसको बदलामा त उपकार गर्नुहोस् ।

यज्ञ गर्दा यी आठ गुणलाई आफ्ना आत्मामा धारण गर्नुहोस् । तपाईंको आत्मा चम्किलो हुनेछ । तपाईंको जीवनमा ओज, तेज र कान्ति आउनेछ । तपाईंको जीवन सुजीवन बन्नेछ । तपाईं सच्चा याज्ञिक र अग्निहोत्री बन्नुहुनेछ ।

एउटै मन्त्रले पाँच आहुति किन ?

समिदाधानपछि एउटा मन्त्रलाई पाँचपटक बोलेर घ्यूको पाँच आहुति दिने विधान छ । यहाँ एउटा प्रश्न उब्जन्छ कि एउटै मन्त्रबाट पाँच आहुति किन दिइन्छ ? केही व्यक्तिहरूलाई यहाँ अर्को पनि एउटा आपत्ति लाग्दछ । त्यो के भने यस मन्त्रमा प्रजाको कामना गरिएको छ । अतः ब्रह्मचारीहरू र वानप्रस्थहरूले यो मन्त्र उच्चारण गर्नु हुँदैन । अझ गृहस्थहरूमध्ये पनि त्यस्ता नवदम्पतीहरूले मात्र यो मन्त्र बोल्नुपर्दछ जसलाई सन्तानको इच्छा छ । अरूले यो मन्त्र बोल्नु हुँदैन । सन्तानको कामना नभएका वा सन्तानको कामनाबाट निवृत्त भैसकेकाहरूले यो मन्त्र बोल्नुहुँदैन भन्ने आपत्ति केही व्यक्तिहरूले गर्नेगरेको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आउनुहोस्, यस प्रश्नको विवेचना गरौं । पाँच आहुतिको विधान 'अयं त इध्म आत्मा जातवेदस्' मन्त्रसँग छ। यस मन्त्रमा याज्ञिक परमात्मासँग पाँच कुराका लागि याचना गर्दछ । गृहस्थहरूका लागि यी पाँचै कुरा अत्यावश्यक हुन्छन् । यसकारण उसले यस मन्त्रलाई पाँच पटक उच्चारण गरेर प्रत्येक पटक एकएक वस्तुका लागि विशेष चिन्तन गर्दछ। ती पाँच वस्तु यी हुन् :

१. प्रजया इध्यस्व : हामीलाई प्रजाद्वारा चम्काउनुहोस् । प्रजाको अर्थ हो : प्रकृष्टेन जायते अर्थात् जसलाई मातापिताले सङ्कल्पपूर्वक विशेष तयारीका साथ जन्माएका हुन् । जुन सन्तान खेलै खेलमा कुनै उद्देश्य विना यत्तिकै जन्मन पुग्दछन्, ती प्रजा हुँदैनन् ।

चित्रकूटमा शरीफा निकै ठूलो मात्रामा उत्पन्न हुन्छ । त्यहाँ भारी मात्रामा उत्पन्न हुने त्यो शरीफा प्रायः निकै सानो तथा रसरहित अनि स्वादरहित हुने गर्दछ । सोलनदेखि शिमलासम्म अनार पनि निकै ठूलो मात्रामा उत्पन्न हुन्छ। त्यो पनि निकै सानो र निकै अमिलो हुन्छ। अर्कातिर उद्यानमा जुन शरीफा अथवा अनार उत्पन्न हुन्छ, त्यो ठूलो, हेर्नमा निकै सुन्दर र रसले भरिएको हुन्छ। चित्रकूट र सोलनदेखि शिमलासम्म उत्पन्न हुने शरीफा र अनार जनतासमान हुन् । ती वृक्षलाई न त कसैले पानी हाल्दछ, न कसैले गोडमेल आदि नै गर्दछ। उद्यानमा माली रहन्छ। मालीले विरुवा रोप्ने बेलादेखि नै बिरुवालाई कति टाढा रोप्नुपर्ने हो त्यति नै टाढा रोप्दछ । समय समयमा आवश्यकता अनुसार पानी, मलजल, गोडमेल, काँटछाँट आदि गर्दछ । परिणामस्वरूप त्यहाँ लाग्ने फलफूल हेर्नमा सुन्दर हुनुका साथै रसिला र मीठा हुन्छन् । आफ से आफ उम्रने र फल दिने वृक्ष वनस्पतिहरू जनता समान हुन् भने परिश्रमपूर्वक लगाइएका वृक्ष, बिरुवा प्रजा हुन् । यज्ञिकले प्रजाको कामना गर्दछ ।

२. पशुभिर्वर्धस्व : पशुहरूद्वारा बढाउनुहोस् । पशु मानव जीवनका अङ्ग हुन् । दूध आदिका लागि गाई, भेडा, बाख्रा आदि पशु चाहिन्छन् । खेती गर्न र भारी बोक्न गोरु आदि र सवारीका लागि घोडा चाहिन्छन् । हाम्रो वैदिकं राष्ट्रिय प्रार्थनामा भनिएको छ : दोग्ध्री धेनुः, आशुः सप्तिः । (यजुर्वेद २२।२२॥) अर्थात् हाम्रो राष्ट्रमा पर्याप्त दूध दिने गाई र तेज रफ्तारमा दौडिने घोडा होऊन् । अर्को एउटा मन्त्रमा भनिएको छ :

स नः पवस्व शं गवे शं जनाय शमर्वते । शं राजन्नोषधीभ्यः ॥ सामवेद ६५३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे प्रभु ! हाम्रो जीवनलाई पवित्र गरिदिनुहोस् । हाम्रा गाईहरूको कल्याण होस् । हाम्रा जनहरूको मङ्गल होस् । हाम्रा घोडाहरूका लागि कल्याण होस् र औषधीहरूबाट हामीलाई शान्ति प्राप्त होस् ।

वेदमा गाई र घोडालाई निकै महत्त्व दिइएको छ । याज्ञिक भक्त आफ्नो र आफ्ना परिवारको कल्याणका लागि पशुहरूको कामना गरिरहेको छ । घ्यू, दूध आदिको सेवन गरेर घरका सबै सदस्य हृष्टपुष्ट र स्वस्थ हुनेछन् ।

३. ब्रह्मवर्चसेन इध्यस्व : हामीलाई ब्रह्मतेजबाट चम्किलो बनाउनुहोस् । ब्रह्मको अर्थ परमात्मा, ज्ञान, वेद र वीर्य हो । यज्ञकर्ताको कामना के छ भने ऊ ब्रह्मतेजले युक्त तेजस्वी बनोस्, उसको मुखमण्डल ब्रह्मतेजले चम्किरहोस् अनि उसको मस्तिष्क ज्ञानको ज्योतिले जगमगाइरहोस् । ऊ वेदको विद्वान् होस् र ऊ वीर्यको संयमबाट ऊर्ध्वरेता बनोस् । ब्रह्मवर्चस्को महत्त्व र गौरवलाई बुझेर महर्षि विश्वामित्रले कति राम्रो कुरा भनेका थिए :

धिग् बलं क्षत्रियबलं ब्रह्मतेजो बलं बलम् ॥

वाल्मिकीय रामायाण, वालकाण्ड ५५६।२३॥

क्षात्रवललाई धिक्कार छ, वास्तवमा ब्रह्मतेजको बल नै वास्तविक बल हो । याज्ञिक पनि ब्रह्मतेज चाहन्छ ।

४. अन्ननद्येन वर्धस्व : खान योग्य चामल, जौ, मास, मुंग, गहुँ आदि अन्नहरूबाट, अनेक किसिमका फलहरूबाट, कन्दमूलहरूबाट, बदाम, काजु, किसमिस आदि मेवाहरूबाट हामीलाई बढाउनुहोस् । हाम्रा घरहरूमा उत्तम अन्न भरिभराउ होऊन्, जसलाई खाएर हामी पनि तृप्त होऔं र अतिथिहरूको पनि सेवा गर्न सकौं । हाम्रो भावना यस्तो होओस् :

अन्नं च नो बहु भवेदतिथींश्च लभेमहि ।
याचितारश्च नः सन्तु मा च याचिष्म कञ्चन ॥

अर्थात् हाम्रा घरमा अन्न पर्याप्त मात्रामा होस् । अतिथि हाम्रा घरमा आइरहून् । मागने व्यक्तिहरूको हामीकहाँ भीडभाड भैरहोस् । हामी निरन्तर अरूलाई दिइरहौं । तर हामी कहिल्यै कसैसँग केही नमागौं, कसैका अगाडि हात न फैलाऔं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. समेधय : हामीलाई समिधाजस्तै बढाउनुहोस् र टल्काउनुहोस् । जसरी समिधा यज्ञकुण्डमा पुगेर चम्कन्छ, टल्कन्छ, त्यसमा दाहक (जलाउने, डढाउने) शक्ति आउँछ, त्यसैगरी हे प्रभो ! हाम्रो जीवनलाई पनि टल्काइदिनुहोस् । हाम्रा जीवनमा प्रकाश होस्, ओज र तेज होस् ।

यस मन्त्रलाई ब्रह्मचारी, गृहस्थ र वानप्रस्थ सबैले बोल्न सक्तछन् । प्रजाको अर्थ औरस पुत्र मात्र होइन, वानप्रस्थ र संन्यासीले बनाएका शिष्य नै उनका प्रजा हुन्, सन्तान हुन् । हाम्रा इन्द्रियहरू पनि हाम्रा प्रजा हुन् । महर्षि दयानन्द सरस्वतीले सत्यार्थप्रकाशमा मनुजी महाराजलाई गद्धृत गर्दै लेख्नुभएको छ :

इन्द्रियाणां जये योगं समातिष्ठेद्दिवानिशम् ।
जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः ॥

अर्थात् सबै सभासद् र सभापतिले इन्द्रियहरूलाई जितेर अर्थात् आफ्ना वशीभूत पारेर सदा धर्मानुकूल व्यवहार गरून् र अधर्मबाट आफू टाढा रहेर अरूलाई पनि टाढा राख्ने काम गरून् । यसका लागि रातदिन नियत समयमा योगाभ्यास पनि गर्ने गरून् । किनभने आफ्ना इन्द्रिय अर्थात् मन, प्राण र शरीररूपी प्रजालाई जितेर जितेन्द्रिय नभईकन बाहिरका प्रजालाई आफ्नो वशीभूत पार्न कोही पनि समर्थ हुन सक्तैन । सत्यार्थप्रकाश, छैटौं समुल्लास ॥

यस प्रमाणबाट उपर्युक्त मन्त्र उच्चारण गर्नमा कसैलाई पनि कुनै बाधा छैन भन्ने कुरा सिद्ध हुन्छ ।

एउटा अर्को कुरा पनि छ । उपर्युक्त मन्त्रमा 'अस्मान्' पद आएको छ । यसको तात्पर्य के पनि हो भने इच्छा गर्नेले आफूलाई प्रजा आदिका माध्यमले चम्काउने र बढाउने काम गरून् । जसलाई आवश्यकता छैन भने ती त मुक्त छँदै छन् नि !!

चम्चा (स्रुवा) कसरी समात्ने ?

महर्षिले लेख्नुभएको छ : 'मध्यमा, अनामिका र अङ्गुष्ठले स्रुवालाई समात्ने' । स्रुवालाई कलम समातेजसरी समात्ने होइन । यहाँ शङ्का के हुन्छ भने स्रुवालाई महर्षि दयानन्दले बताएको तरिकाले नै किन समात्ने ? यस शङ्काको समाधान यहाँ प्रस्तुत छ :

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मकाण्डमा सर्वत्र अङ्गुष्ठ (बुढी औंला), मध्यमा (माझी औंला) र अनामिका (साहिंली औंला) को नै प्रयोग गरिन्छ। अङ्गस्पर्श गर्दा माहिली र साहिंली औंलाको नै प्रयोग गरिन्छ। कसैलाई तिलक लगाउनु छ भने साहिंली औंला र बुढी औंलाको प्रयोग हुन्छ। माला लिएर जप गर्दा (हाम्रा विचारमा माला लिएर जप गर्नु उचित होइन। परमात्माका साथ हिसाबकिताव गर्नुहुँदैन। कवीरका शब्दमा : कर का मनका छाडिके मन का मनका फेर।) पनि माहिली, साहिंली र बुढी औंलाको नै प्रयोग हुन्छ। यज्ञमा सामग्री (चरु) पनि यिनै माहिली, साहिंली र बुढी औंलाले हालिन्छ। कविः करोति काव्यानि रसं जानाति पण्डितः। कविले कविता लेख्तछ र पण्डित अर्थात् विज्ञले त्यसको आनन्द प्राप्त गर्दछ। अनेकौं समाधान हुन सक्ने भए तापनि एउटा व्याख्या यहाँ प्रस्तुत गर्दैछु :

हामी के गर्दैछौं ? यज्ञ। यो कस्तो कर्म हो ? यज्ञो वै श्रेष्ठतमं कर्म अर्थात् यज्ञ श्रेष्ठतम कर्म हो। सबैभन्दा उत्तम कर्म हो। ज्येष्ठ र श्रेष्ठ कर्म हुनाले नै बीचको सबैभन्दा ठूलो (मध्यमा माहिली) औंलाको प्रयोग गर्नुहोस्। तपाईं कसैको डर वा त्रासमा परेर वा जबर्जस्ती यज्ञ गर्नुहुन्छ ? यदि होइन र आफ्नै इच्छा, श्रद्धा, भक्ति र प्रेमले यज्ञ गर्दै हुनुहुन्छ भने यसको तात्पर्य हो तपाईंलाई कसैले तर्जन गरिरहेको वा डराउने, धम्क्याउने काम गरिरहेको छैन भने तर्जनी (चोरी औंला)लाई यस कर्मबाट अलग्गै राख्नुहोस्। के तपाईं सानो वा कनिष्ठ कर्म गर्दै हुनुहुन्छ ? यदि होइन, हामी त ज्येष्ठ र श्रेष्ट कर्म गर्दैछौं भन्नुहुन्छ भने यस कर्ममा कनिष्ठिका (कान्छी औंला)को पनि प्रयोग नगर्नुहोस्। अनि के तपाईं यो यज्ञ आफ्नो नाम कमाउनका लागि वा यश प्राप्त गर्नका लागि गर्दैं हुनुहुन्छ ? यदि होइन, यो त हाम्रो दैनिक कर्त्तव्य हो भन्नुहुन्छ भने अनामिका (नाम नभएको, साहिंली औंला)लाई मध्यमा (माहिली औंला)सँग टाँस्नुहोस् अर्थात् यस यज्ञमा नामको पनि अपेक्षा छैन भन्ने भाव यसबाट व्यक्त हुन्छ। अङ्गुष्ठ (बुढी औंला) विना त समात्नै सकिन्न। यसकारण उक्त दुई औंला (मध्यमा माहिली र अनामिका साहिंली)का साथ अङ्गुष्ठ (बुढी औंला)लाई मिलाउनुहोस् र तिनका बीचमा स्रुवा राख्नुहोस्। अङ्गुष्ठको अर्थ हो : अङ्गुलियामङ्गुलियां तिष्ठतीत्यङ्गुष्ठः। अङ्गुष्ठ (बुढी औंला)को अन्य सबै औंलाहरूसँग सम्बन्ध रहेको हुन्छ। यसकारण महर्षिले 'स्रुवालाई मध्यमा, अनामिका र अङ्गुष्ठले समात्नू' भन्ने कुरा लेख्नुभएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जलसेचन कसरी गर्ने ?

जीवनमा अगाडि बढ्नका लागि चार मार्ग हुन सक्तछन् :

१. अँध्यारोबाट उज्यालोतर्फ लाग्नु । वेदको सन्देश छ - आ रोह तमसो ज्योतिः अर्थात् हे मानिस ! तिमी अँध्यारोबाट निस्केर ज्योति (उज्यालो) तिर लाग । उपनिषद्हरूमा प्रार्थना छ - तमसो मा ज्योतिर्गमय अर्थात् हे प्रभो ! मलाई अँध्यारोबाट उज्यालोतिर डोऱ्याऊ ।

२. दोस्रो मार्ग हो - उज्यालोबाट उज्यालोतिरै लाग्नु ।

३. तेस्रो मार्ग हो उज्यालोबाट अँध्यारोतिर लाग्नु र चौथो मार्ग हो अँध्यारोबाट अँध्यारोतिरै लाग्नु । यी चार मार्गमध्ये सुरुका दुई मार्ग ठीक हुन् भने पछाडिका दुई मार्ग बेठीक हुन् । यज्ञमा जलसेचनको प्रक्रिया पूरा गर्दा यही बताइएको छ कि हामी अँध्यारोबाट उज्यालोतर्फ र उज्यालोबाट पनि उज्यालोतर्फ नै लागौं । पूर्व उज्यालोको दिशा हो, किनकि त्यतावाटै सूर्यको उदय हुन्छ । उत्तर पनि उज्यालोको दिशा हो । सप्तऋषि मण्डल र ध्रुव तारा यसै दिशामा हुन्छ । दक्षिण र पश्चिम अँध्यारोका दिशा हुन् ।

पूर्वमा जल सेचन गर्दा दक्षिणबाट उत्तरतर्फ जल छर्कनुपर्दछ । यज्ञको दियो ईशानकोण (पूर्व र उत्तरको कुनो)मा राखिएको हुन्छ किनकि यस कोणमा नै पूर्व र उत्तर दुवै प्रकाशका कोण मिल्दछन् । जलसेचन गर्दा हामी दियोतर्फ अर्थात् अँध्यारोतर्फ अघि बढ्दछौं । पश्चिममा जलसेचन गर्दा पनि हामी दक्षिणबाट उत्तरतर्फ नै लाग्दछौं । उत्तरमा जल छर्कंदा भने पश्चिमबाट पूर्वतिर लाग्दछौं । तीन पटक जलसेचन गर्दा हामी एउटै कुरा दोहोऱ्याइरहेका हुन्छौं कि हामी अँध्यारोबाट उज्यालोतिर लागौं । चौथो पटक जल हाल्दा हामी पूर्वमा मध्यबाट जल हाल्दै यज्ञको परिक्रमा गर्दै अन्त्यमा जहाँबाट क्रिया आरम्भ भएको थियो त्यहीं पुग्दछौं अर्थात् हामी उज्यालोबाट हिंडेर उज्यालोमा नै आइपुग्दछौं ।

अँध्यारोबाट उज्यालोतिर लाग्नु भनेको आफूमा भएका दुर्गुण, दुर्व्यसन (चुरोटबिंडी, मद्यमांस, अण्डा आदिको सेवन, जुआ खेल्नु, तास, चौपड आदि खेल्नु आदि)लाई छाडेर श्रेष्ठ गुण, कर्म र स्वभावलाई जीवनमा धारण गर्नु हो । उज्यालोबाट उज्यातिरै लाग्नुको अर्थ हो जीवन शुद्ध र पवित्र थियो, दान दिने गरिन्थ्यो, अतिथिसत्कार गरिन्थ्यो भने अब थप अर्को व्रत धारण गरेर स्वाध्यायको पनि आरम्भ गर्नु भन्ने हो । यो नै उज्यालोबाट उज्यालोतिरै लाग्नु हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यक्तिको जीवनमा पहिले दुर्व्यसन थिएनन् । उसले एउटा सामान्य जीवन बिताइरहेको थियो । तर साथीभाइहरूको सङ्गत आदि कारणले मद्यमांसादिको सेवन गर्न थाल्यो भने त्यो उज्यालोबाट अँध्यारोतिर लागेको हुन्छ । यसैगरी कुनै व्यक्तिको जीवनमा पहिलेदेखि नै अनेकौं दुर्व्यसन छँदै थिए, पछि साथीभाइहरूको सङ्गतले थप दुर्व्यसनमा पर्दै गयो भने त्यो अँध्यारोबाट अँध्यारोतिर लागेको हुन्छ । यो अँध्यारोबाट झन् घनघोर अँध्यारोतिर लागेको मानिन्छ ।

जलसेचनको यो प्रक्रियाले याज्ञिकहरूलाई 'अँध्यारोबाट उज्यालोतिर लाग्नुपर्दछ' भन्ने सन्देश दिइरहेको हुन्छ । उज्यालोबाट उज्यालोतिरै लाग्नुपर्दछ, उज्यालोबाट अँध्यारोतिर लाग्नुहुँदैन, अँध्यारोबाट झन् अँध्यारोमा पर्नु हुँदै हुँदैन भन्ने सन्देश यो प्रक्रियाले दिइरहेको हुन्छ ।

पहिलो आहुति उत्तरतिर र दोस्रो दक्षिणतिर किन ?

आघारावाज्यभागाहुतिहरूमध्ये 'अग्नये स्वाहा' बोलेर पहिलो आहुति यज्ञकुण्डमा उत्तरतिर दिइन्छ भने 'सोमाय स्वाहा' उच्चारण गरेर दोस्रो आहुति यज्ञकुण्डमा दक्षिणतिर दिइन्छ । यसको कारण के हो भने अग्निको ठाउँ उत्तरमा र सोमको ठाउँ दक्षिणमा मानिन्छ । यस्तै पुरुष अग्निप्रधान र स्त्री सोमप्रधान हुन्छन् । यसैकारण यज्ञमा पत्नीको आसन पतिको दाहिनेतिर हुन्छ । आरम्भका दुई आहुतिपछिका आहुतिहरू यज्ञकुण्डको मध्यमा दिइन्छन् । कारण के भने इन्द्र अर्थात् विद्युत् र प्रजापति अर्थात् सूर्यको कुनै निश्चित स्थान हुँदैन । यस कारण यी दुई आहुति कुण्डको मध्यभागमा दिइन्छन् ।

यज्ञमा गरिने सबै प्रक्रियाहरू प्रतीकात्मक हुन्छन् । यी सबै प्रक्रियाहरूको जीवनका साथ सम्बन्ध रहेको हुन्छ । अब यसको आध्यात्मिक व्याख्या प्रस्तुत छ । मानचित्र (:वउ वा नक्सा) जस्तै मानिसको टाउको उत्तरतिर छ र गोडा दक्षिणतिर । मस्तिष्क अग्नि अर्थात् ज्ञानको केन्द्र हो र दक्षिणमा अर्थात् तलतिर वीर्यको अवस्थिति हुन्छ । शिरलाई उत्तर अर्थात् उत्कृष्ट बनाउनु छ, यसलाई ज्ञानरूपी चमक प्रदान गर्नु छ । यो कसरी प्रदीप्त होला ? यसका लागि वीर्यलाई माथितिर चढाउनुपर्दछ, ऊर्ध्वरेता बन्नुपर्दछ । यसको फल के हुनेछ ? यदि गृहस्थ जीवन बिताइएको छ भने प्रजा अर्थात् असल र उत्तम सन्तानको प्राप्ति हुनेछ, जसले आफ्नो नाम उज्ज्वल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नेछ र आफ्नो परिवारको पनि गौरव वढाउनेछ। यदि आजीवन ब्रह्मचारी रहने हो भने इन्द्र अर्थात् ऐश्वर्यशाली बनिनेछ। वीर्यको संरक्षणबाट शरीरको स्वास्थ्य, मुखमण्डलको कान्ति, ओज र तेजको प्राप्ति हुनेछ। मनमा विमलता प्राप्त हुनेछ। मनको चन्चलता हट्नेछ। बुद्धि तीव्र भएर कठिन र गम्भीर विषयलाई पनि शीघ्रतापूर्वक बुझ्न सक्ने हुनेछ।

मौन आहुति किन ?

मौन आहुति दुई छन्। एउटा प्राजापत्य आहुति हुन्छ। 'ओं प्रजापतये स्वाहा' यस मन्त्रबाट अखिल ब्रह्माण्डपति, सवै प्रजाका पालक परमात्माका लागि आहुति दिंदा मन्त्रलाई मनमनै बोलेर आहुति दिइन्छ। यस विषयमा शतपथ ब्राह्मणमा एउटा आख्यायिका छ :

एक पटक मन र वाणीमा झगडा भएछ। मनले आफूलाई ठूलो बताइरहेको थियो भने वाणीले अफैलाई ठूलो। दुवैमा कुनै निर्णय हुन नसकेपछि उनीहरू प्रजापतिकहाँ पुगेछन्। दुबैले प्रजापतिसमक्ष आआफ्ना समस्या प्रस्तुत गरे। प्रजापतिले दुबैलाई आफू ठूलो हुनाका कारण वारे आआफ्ना तर्क प्रस्तुत गर्न भने। उनीहरूको तर्क र युक्तिहरूलाई सुनेपछि मात्र आफूले निर्णय गर्ने कुरा प्रजापतिले बताए। मनले भन्यो : 'म विचार गर्दछु अनि वाणी वोल्दछ। मैले विचार नगर्ने हो भने वाणीले बोल्नै सक्तैन। म जुन कुरालाई एक क्षणभरमा विचार गरिसक्तछु त्यो कुरा बताउन वाणीलाई घण्टौंको समय लाग्दछ। यसकारण म ठूलो हुँ।' वाणीले भन्यो : 'यसले (मनले) विचार गरिराखोस्। घण्टौंसम्म विचार मात्र गरिराखोस्। मैले नबोल्ने हो भने यसले विचार गरेका कुरा प्रगट हुनै सक्तैन।' दुवैका तर्क सुनेपछि प्रजापतिले निर्णय गरे : 'ठूलो त मन नै हो।' यो सुनेर वाणी क्रोधित भयो। वाणीले भन्यो : 'त्यसो भए तिम्रा नामको आहुतिको पालो आउँदा म मौन हुनेछु।'

यस आख्यायिकाको तात्पर्य के हो ? परमात्माका गुण अनन्त छन् : न तत्र वाग्गच्छति अर्थात् वाणीले त्यसको वर्णन गर्न सक्तैन। अत: वाणी मौन हुन्छ। मनको पहुँच वाणीभन्दा निकै परसम्म हुन्छ। त्यसैले यो आहुति मौन भएर दिइन्छ।

अर्को मौन आहुति सायंकालका मन्त्रहरूमा तेस्रो मन्त्रबाट दिइन्छ। प्रात:काल र सायंकालका आहुति दिइने आठ मन्त्र यजुर्वेदको तेस्रो अध्यायको नवौं मन्त्र र दसौं मन्त्रबाट छुट्टयाइएका हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी मन्त्रहरूबाट सात मन्त्र बन्दछन् । प्रातःकालका चार र सायंकालका तीन मन्त्र बन्दछन् । दुबै समयका मन्त्रहरूमा समानता राख्नका लागि सायंकालका मन्त्रहरूमा तेस्रो आहुतिका लागि पहिलो मन्त्रकै अध्याहार (अगाडिको अंशलाई पछाडि लगेर राख्ने काम) गरिएको हो । यो मन्त्र प्रातःकालका मन्त्रहरूमा जस्तै गरी सायंकालका मन्त्रमा छैन । यसकारण यसलाई मनमनै विचार गरिन्छ, सुनिने गरी उच्चारण गरिँदैन ।

स्विष्टकृत् मन्त्र मध्यमा हो ?

कर्मकाण्डलाई राम्ररी नबुझेका अनेक विद्वान् 'यदस्य कर्मणो' मन्त्रलाई 'संस्कारविधि'मा जुन ठाउँमा यो मन्त्र लेखिएको छ त्यहाँ बोल्नुको सट्टा 'भवतन्नः समनसौ' मन्त्रपछि बोल्दछन् । यसो गर्नु उचित होइन । जहाँ जुन क्रममा महर्षिले यो मन्त्र लेख्नुभएको छ, त्यहीं (मध्यमा होइन, अन्त्यमा) यस मन्त्रलाई बोलेर आहुति दिनुपर्दछ । यसमा यज्ञकर्ताको शङ्का हुन सक्तछ कि यो मन्त्रपछि पनि बाह्र मन्त्र अरू पनि छन् अनि यो मन्त्रलाई अन्त्यमा भएको कसरी भन्नुहुन्छ ? यसको समाधान यस्तो छ :

मानौं आर्यसमाज अथवा कुनै पनि संस्थाको उत्सव भैरहेको छ । त्यसमा अन्तिम व्याख्यान हुँदैमा उत्सव समाप्त हुँदैन । अन्तिम व्याख्यानपछि सचिव, सभापति अथवा संयोजक आदिमध्ये कुनै व्यक्ति आउँछ । उसले परमात्माप्रति, विद्वान्हरूप्रति, दानदाताहरूप्रति, टैण्ट वा सभाभवनको व्यवस्थापनप्रति, श्रोताहरूप्रति र सबै सहभागीहरूप्रति धन्यवाद ज्ञापन गर्दछ । त्यसपछि शान्तिपाठ हुन्छ । अनि मात्र उत्सव समाप्त हुन्छ । यस्तै प्रक्रिया यज्ञमा पनि बुझ्दा हुन्छ । यज्ञको समाप्ति त 'यदस्य कर्मणो' मन्त्रबाट भइसक्दछ । 'प्रजापतये स्वाहा' यस अभिव्यक्तिबाट यज्ञका सम्बन्धमा त हामी धेरै जान्दछौं, तर परमेश्वरका सम्बन्धमा हामी सबै कुरा जान्दैनौं, त्यहाँ हाम्रो वाणी मौन छ भन्ने कुरा पनि व्यक्त भयो ।

त्यसपछिका चार मन्त्रहरूमा यज्ञाग्निको वन्दना छ । यी मन्त्रहरूमा यज्ञबाट हुने लाभहरूको वर्णन छ । त्वं नो अग्ने आदि आठ मन्त्रहरूमा विद्वान्हरूको वन्दना छ । विद्वान्हरूको मानसम्मान भएमा कर्मकाण्ड अर्थात् नाना प्रकारका यज्ञहरूका विधिहरू जीवित रहन्छन्, अन्यथा सबै कर्मकाण्डको लोप भएर जानेछ । अन्त्यमा महावामदेव्यगान छ । यो ईशवन्दना हो । अतः यो मन्त्र जुन ठाउँमा लेखिएको छ त्यसै क्रममा पाठ गर्नु पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्विष्टकृत् मन्त्रले कुन वस्तुको आहुति दिने ?

ऋषिले लेख्नुभएको छ : 'स्विष्टकृत् होम आहुति एउटा मात्र छ, यो घ्यू अथवा भातको दिनुपर्दछ ।' ऋषिको लेखअनुसार यहाँ घ्यू अथवा भातको नै आहुति दिइनुपर्दछ । वुनियाँ, सखर, चिनी, हलुवा, लड्डु, बर्फी आदिको आहुति दिनुहुँदैन । किन ?

महर्षिले आफ्ना ग्रन्थ भारतीयहरूका लागि मात्र लेख्नुभएको होइन । सारा संसारका निवासीहरूका लागि लेख्नुभएको हो । संसारमा अनेकौं देश यस्ता छन् जहाँ जौ, गहुँ, चना, मुँग आदि उत्पन्न नै हुँदैन । धान वा चामल त सर्वत्र उत्पन्न हुन्छ, अतः महर्षि दयानन्दले भातको आहुति दिनुपर्ने विधान गर्नुभएको हो । संस्कारहरू अन्तर्गत एक ठाउँमा खिर्राको आहुति दिनुपर्ने कुरा लेखिएको छ, त्यहाँ त्यस्तै गर्न सकिन्छ ।

के यज्ञको अन्त्यमा 'वसोः पवित्रमसि' मन्त्रको पाठ गर्नुपर्दछ ?

महर्षि दयानन्द सरस्वतीले संस्कारविधि, पञ्चमहायज्ञ विधि, सत्यार्थप्रकाश र ऋग्वेदादिभाष्यभूमिकामा यस मन्त्रको सङ्केत कतै पनि दिनुभएको छैन । अर्को कुरा कुनै गृह्यसूत्र र श्रौतसूत्रमा पनि यसको विधान छैन । यज्ञान्तमा यस मन्त्रको पाठ गर्नु यज्ञमा बसेर झुठो बोल्नु नै हो । त्यहाँ धारा एउटा हुन्छ र म सय वा हजार धारा हाल्दैछु भनिरहेको हुन्छ । केही व्यक्तिहरूले त चाल्नुलाई बाँधेर घ्यू हाल्न थालेको पनि पाइन्छ । तर धारा त त्यहाँ पनि एउटै मात्र झरिरहेको हुन्छ । यो चलन अवैदिक हुनाका साथै हाम्रा आचार्यको मन्तव्यभन्दा पनि विरुद्ध छ । अतः यो चलनलाई बन्द गरिनुपर्दछ ।

प्राचीन कालमा ठूला ठूला यज्ञ हुँदा त्यहाँ यज्ञशालामा पर्याप्त दूध दिने सुन्दर गाईहरूको प्रदर्शनी हुने गर्दथ्यो । यस्ता गाईहरूलाई देखेर दर्शकहरूलाई पनि उत्तम गाईहरू पाल्नका लागि प्रेरणा प्राप्त हुन्थ्यो । त्यस्ता गाईको दूध दुहने बेलामा यो मन्त्र बोल्ने चलन थियो । अनेकौं ग्वालाहरू दूध निकालिरहेका हुन्थे । प्रत्येक थुनबाट छुट्टाछुट्टै धारा आइरहेको हुन्थ्यो । शतधारम् र सहस्रधारम्को अर्थ प्रकरणअनुकूल हुन्छ : अनेक धाराहरू । सहस्रं बहु (निघण्टु) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

के 'पूर्णमदः' आदि मन्त्र बोल्नु पर्दछ ?

अनेकौं विद्वान् र पुरोहित 'भवतन्न' मन्त्रपछि 'पूर्णमदः पूर्णमिदम्' इत्यादि मन्त्र बोल्दछन् । महर्षि दयानन्दले यस मन्त्रको सङ्केत पनि आफ्ना कुनै ग्रन्थमा गर्नुभएको छैन । यसको आवश्यकता रहेको भए आचार्यले यसको निर्देश अवश्य गर्दथे ।

महर्षिले अग्निहोत्रदेखि लिएर अश्वमेध पर्यन्त यज्ञहरूका लागि संस्कारविधिको रचना गर्नुभएको हो । यो कुरा संस्कारविधिमा उल्लेख गरिएका पात्रहरूको विवरणबाट सिद्ध हुन्छ । यज्ञको आरम्भ र अन्त्यको स्वरूप त संस्कारविधिमा लेखेअनुरूप सर्वत्र उही हुन्छ । मध्यमा केही विशेष गर्न सकिन्छ । जस्तै ऋषिले विधान गर्नुभएको छ :

'प्रधानहोम अर्थात् जुन जुन कर्ममा जतिंजति होम गर्नुपर्ने हो गरेर'

यस कुरालाई एउटा दृष्टान्तका माध्यमले बुझ्न सकिन्छ । भारतवर्षको नक्सा मानचित्र पाँच सेन्टीमीटरमा पनि बन्न सक्तछ, पचास वा सय सेन्टीमीटरमा पनि र सोभन्दा निकै ठूलो पनि बनाउन सकिन्छ । तर सबैमा त्यसको रूप भने उस्तै हुनेछ । यदि कुनै मानचित्रमा केही भाग रूसको र केही भाग चीनको समेत देखाइदिने हो भने ती देशले विरोधको पत्र पठाउनेछन् । भारतवर्षको मानचित्रको मध्यमा परिवर्तन हुन सक्तछन् । भारत स्वतन्त्र हुँदा यहाँ पन्ध्र प्रदेश मात्र थिए । अहिले तिनको संख्या ३४-३५ पुगिसकेको छ ।

यसैगरी कसैले कुनै विशेष कर्म गर्नु छ र विशेष मन्त्रहरूको पाठ गर्नु छ भने ती मन्त्र बीचमा बोल्न वा पाठ गर्न सकिन्छ । 'भवतन्नः समनसौ' र 'सर्वं वै पूर्णं स्वाहा' को मध्यमा 'पूर्णमदः' आदि कुनै मन्त्रको पाठ गर्नु हुँदैन ॥

●●●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्यसमाजका नियम

१. सबै सत्यविद्या र विद्याबाट जानिने सबै पदार्थका आदिमूल परमेश्वर हुन्

२. ईश्वर सच्चिदानन्दस्वरूप, निराकार, सर्वशक्तिमान्, न्यायकारी, दयालु, अजन्मा, अनन्त, निर्विकार, अनादि, अनुपम, सर्वाधार, सर्वेश्वर, सर्वव्यापक, सर्वान्तर्यामी, अजर, अमर, अभय, नित्य, पवित्र र सृष्टिकर्ता हुन्, उनैको उपासना गर्नुपर्दछ ।

३. वेद सबै सत्यविद्याको पुस्तक हो । वेद पढ्नु-पढाउनु र सुन्नु-सुनाउनु सबै आर्यहरूको परम धर्म हो ।

४. सत्यलाई ग्रहण गर्न र असत्यलाई छोड्न सदा उद्यत रहनु पर्दछ ।

५. सबै काम धर्मानुसार अर्थात् सत्य र असत्यलाई विचार गरेर गर्नुपर्दछ ।

६. यस समाजको मुख्य उद्देश्य संसारको उपकार गर्नु अर्थात् शारीरिक, आत्मिक र सामाजिक उन्नति गर्नु हो ।

७. सबैसँग प्रीतिपूर्वक, धर्मानुसार, यथायोग्य व्यवहार गर्नुपर्दछ ।

८. अविद्याको नाश र विद्याको वृद्धि गर्नुपर्दछ ।

९. प्रत्येकले आफ्नो उन्नतिमा मात्र सन्तुष्ट नरही सबैको उन्नतिमा आफ्नो उन्नति सम्झनुपर्दछ ।

१०. सबै मानिसले सामाजिक सर्वहितकारी नियम पालन गर्नमा परतन्त्र र प्रत्येक हितकारी नियममा स्वतन्त्र रहनु पर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection